# ljkb\k'j{of/L tyf k|tsfo{of]hgf, @)&& ;Kt/L

## Disaster Preparedness and Response Plan 2020

-5}ff}cWofjlBs_

lhNnf ljkb\Aoj:yfkg ;ldltsf]ldlt @)&&÷)^÷@# ut]sf]a}ssf]lg0f{o adf]lhd tof/ kfl/Psf]
lhNnf cfktsflng sfo{ ÷fng s]lb|
;Kt/L

**District Emergency Operation Center (DEOC)**
**Saptari**

lhNnf ljkb\Joj:yfkg ;ldltdf ljkb\k"j{tof/L tyf k|tsfo{of]hgf th{df sfo{zfnf ;Kt/Lsf sxL emnsx? @)&&÷)^÷@#

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ सप्तरी

## Disaster Preparedness and Response Plan 2020/2021, Saptari

दस्तावेज  जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, सप्तरी
छैठौ अध्यावधिक कार्य २०७७ असोज (२०७७÷७८ को लागि)

प्रकाशक : जिल्ला बिपद् ब्यवस्थापन समिति, सप्तरी
सर्भाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०७७ असोज

व्यवस्थापन : जिल्ला बिपद् ब्यवस्थापन समिति, सप्तरी

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ लाई अद्याधिक गर्न बनेको कार्यदल
संयोजक : जय कुमार घिमिरे सहायक प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय सप्तरी
सदस्य : आन्नद कुमार ठाकुर प्रशासकिय अधिकृत तथा जिल्ला बिपद ब्यवस्थापन समिति सदस्य सचिब सप्तरी
सदस्य : विनायक पौडेल सूचना ब्यवस्थापन अधिकृत जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र सप्तरी
सदस्य : देव नारायण यादव कार्यकारी निर्देशक के.भि.एस.सप्तरी
सदस्य : जोगेन्द्र भगत सभापति, नेपाल रेडक्रस सोसाईटी सप्तरी

**आर्थिक सहयोग : DCA/LWR/KVS**

**प्राविधिक सहयोग :** जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र/
नेरेसो,आपतकालीन पुर्बतायारीको लागि प्रतिकार्य कार्यक्रम (PER) कार्यक्रम **तथा के.भि.एस.सप्तरी**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

मितिः २०७७।०६।२३

## शुभकामना मन्त्वय

नेपालमा विपद् बाट प्रत्येक बर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । जनधन तथा बतावरणीय क्षतिको अतिरिक्त यस्ता प्रकारको विपद्ले संकटासन्न अवस्थामा रहेका महिला तथा बालबालिकाहरु, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरुलाई बढी मात्रामा असर पुग्दछ । नेपालमा मानवीय क्रियाकलाप तथा जलवायु परिवर्तन लगायतको अन्य कारणहरुले झनै खतरनाक र ठूला विपद्का घटनाहरु घट्दछन् । समयमानै सावधानी तथा पूर्व तयारी गर्न सकिएन भने यस्ता घट्नाले अत्यन्त ठूला विपद्हरु आउन सक्ने संभावना रहन्छ ।

प्रकोपलाई विपदमा रुपान्तरित हुन नदिन र त्यस्ता घटना न्यूनिकरण गर्ने उद्देश्यका साथ नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संसोधन २०७५) जारी गरेको छ । यस ऐनले प्रत्येक जिल्लामा सरोकारवाला नियकायहरुको सहभागितामा जिल्ला विपद् व्यवस्थापन समितीको गठन गरि विपद् पूर्व तयारी तथा प्रतिकार्य, योजना निर्माण गरी विपद्का लागि थप सजग बन्न उत्प्रेरित गरेको छ । त्यस्तै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्ने कार्यलाई यसले थप बल पुर्याएको छ । नेपाल सरकार, गृह मन्त्रालयले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (Guidance Note-2011), राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा २०७० (प्रथम संसोधन २०७५) तथा जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९ को (पहिलो संसोधन, २०७६) अबधारणागत ढाँचा तयार गरेको छ । उल्लेखित मार्गदर्शन र निर्देशिकामा आधारित रहेर सप्तरी जिल्लामा "जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८" निर्माण गरिएको थियो । समय क्रम सँगै सो योजनालाई अध्यावधिक गर्नु पर्ने आवश्यकता रहन्छ । त्यसै अनुरुप जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०६८ को अध्यावधिक रुप २०७६, लाई समयानुकल परिमार्जन तथा अध्यावधिक गरी, जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७।०६।२३ गतेको निर्णयले अनुमोदन गरी प्रस्तुत "विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७" निर्माण भएको छ । वर्तमानमा समग्र विश्व कोभिड-१९ संक्रमणको महामारीबाट त्रसित छ । यस जिल्लामा समेत उक्त संक्रमणको जोखिम उच्च रहेको छ । यो एक नौलो प्रकारको चुनौति भएको भए तापनि प्रस्तुत कार्ययोजनाले सोलाई पनि समेटेको छ । जुन यस कार्य योजनाको एक राम्रो पक्ष हो ।

जिल्ला विपद् व्यवस्थापन समिती सप्तरीले स्थानीय तहहरुलाई समेत उपयोगी हुने गरी यो योजना निर्माण गरेकोमा मलाई अत्यन्त खुसी लागेको छ । सप्तरी जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोगी भुमिका निर्वाह गर्नुहुने सबै नगरपालिका मेयर तथा गाउँपालिका अध्यक्ष, सुरक्षा निकायहरु, विभिन्न विषयगत कार्यालयहरु, पत्रकार महासंघ सप्तरी, राजनितिक दलहरु, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा,सप्तरी, सप्तरी उद्योग बाणिज्य संघ, गै.स.स. महासंघ सप्तरी, कोशी भिक्टिम सोसाइटी (KVS) लगायत मानवीय सहायताका क्षेत्रमा कार्यरत गै.स.स.हरु, कार्यदलको संयोजकमा रहेर कार्य गर्नुहुने जिल्ला प्रशासन कार्यालय, सप्तरीका प्रशासकीय अधिकृत तथा जिल्ला विपद् व्यवस्थापन समितिका सदस्य सचिव आनन्द कुमार ठाकुर, जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जनार्दन कट्टेल, जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा रही कार्य गर्ने सूचना व्यवस्थापन अधिकृत बिनायक पौडेल, के.भि.एस. सप्तरीका कार्यकारी निर्देशक अधिवक्ता देव नारायण यादब, लगायत जिल्ला विपद व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुमा हार्दिक धन्यावाद दिन चाहन्छु ।

अन्त्यमा यस योजना अनुसार स्थानीय तहहरुले समेत स्थानीय तहको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सो को कार्यान्वयनमा पूर्ण सफलताका लागि शुभकामना समेत व्यक्त गर्दछु ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी
अध्यक्ष जिल्ला विपद् व्यवस्थापन समिति , सप्तरी ।

प्रमुख जिल्ला अधिकारी

# जिल्ला समन्वय समिति,
## सप्तरी, राजविराज
## २ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

मितिः @)&&÷)^÷@#

## धन्यवाद ज्ञापन

नेपालमा वाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शितलहर जस्ता बिपद् बाट प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ ।अझ खास गरी यस प्रकारको विपद्ले संकटासन्न अवस्थामा रहेका महिला तथा बालबालिकाहरु, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुलाई बढि मात्रामा असर पुगेको देखिन्छ । मानवीय क्रियाकलाप तथा अन्य कारणहरु एवं जलवायु परिवर्तनको प्रभावले बिपद्का झनै खतरनाक र ठूला लक्षणहरु देखा पर्न सक्ने र जसको समयमा नै सावधानी तथा पूर्व तयारी गर्न सकिएन भने हामी माझ अत्यन्त ठूला विपद्हरु आउन सक्ने संभावना रहेको छ ।

यसै क्रममा नेपाल सरकारले बिपद जोखिम न्यूनिकरण तथा बिपद् व्यवस्थापन ऐन, २०७४ अनुसार प्रत्येक जिल्लामा जिल्ला बिपद् व्यवस्थापन समितिको गठन गरि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अध्यावधिक गर्ने कार्यको थालनी गरेको छ । नेपाल सरकार, गृह मन्त्रालयले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (Guidance Note-2011), राष्ट्रिय विपद प्रतिकार्य कार्यढाचा २०७० ( प्रथम संसोधन २०७५) तथा जिल्ला बिपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ को अबधारणागत ढाँचा तयार गरेको छ । त्यसै मार्गदर्शनमा आधारित रहेर सप्तरी जिल्लामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ निर्माण गरिएको थियो । समयक्रम संगै सो योजनालाई अध्याबधिक गर्नुपर्ने आवश्यकतालाई महसुस गरी जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ को अध्यावधिक २०७६ लाई परिमार्जन तथा अध्यावधिक गरी २०७७ को रुप दिईएको छ । यस कार्यमा जिल्ला बिपद् व्यवस्थापन समिति सप्तरीले स्थानिय तहहरुलाई समेत उपयोगी हुने गरि यो योजना निर्माण गरेकोमा अत्यन्त खुशी लागेको छ । सबै स्थानिय तहहरुमा विपद्का योजना निर्माण गरि कार्यान्वयनमा ल्याउन जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका निर्वाह गर्नेछ । साथै सप्तरी जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण प्रकृयामा महत्वपूर्ण सहयोगी भूमिका निर्वाह गर्ने **DCA/Oxfam/LWR /KVS** सप्तरी, गैरसरकारी सस्था महासंघ, सबल नेपाल ,सेभ द् सप्तरी, सप्तरी सामुदायिक विकास केन्द्र नेपाल, पत्रकार महासंघ सप्तरी, मान्यता प्राप्त राजनीतिक दलहरु तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सप्तरी, कार्यदलको संयोजकमा रहेर कार्य गर्नुहुने जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत तथा जिल्ला बिपद व्यवस्थापन समितिका सदस्य सचिब आनन्द कुमार ठाकुर ,जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जनार्दन कट्टेल,जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रमा रहि कार्य गर्ने सूचना व्यवस्थापन अधिकृत विनायक पौडेल, के.भि.एस.सप्तरीका कार्यकारी निर्देशक अधिबक्ता देव नारायण यादव, विभिन्न विषयगत कार्यालयहरु, स्थानिय तहहरु, सुरक्षा निकायहरु, संघसस्थाहरु लगायत जिल्ला बिपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा , यस योजना अनुसार स्थानिय तहहरुले समेत स्थानिय तहको बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयनमा पूर्ण सफलता प्राप्त गर्नसकुन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

.....
प्रभाकर यादव
प्रमुख
प्रमुख

D.A.O.S. Regd. No. 417
Affiliated S.W.C. 15445

# कोशी पीडित समाज

KOSHI VICTIM'S SOCIETY (NEPAL)

राजविराज, सप्तरी

Ph. No. : 031-522524
E-mail Koshivsociety@gmail.com

पत्र संख्या :
चलानी नम्बर :

मिति : @)&&÷)^÷@#

## आभार व्यक्त

नेपालमा बिपद् प्रभावित जिल्लाहरु मध्ये सप्तरी जिल्ला उच्च जोखिममा रहेको छ । यस जिल्लामा हुने बिपद्को जोखिमहरुमध्ये वाढी, आगलागी, शीतलहर, माहामारी, खडेरी, हबाहुरी, चटयागँ, जगंली जनावर आतंकं, सर्प दंश र सडक दुर्घटना जस्ता बिपद् समय सापेक्ष र ठाउँ अनुसार हुनेगरेकोले यस बाट बर्षेनी ठूलो संख्यामा जनधनको क्षति हूने गरेको छ । यस बर्षमा आएको वाढी बिपद्मा अरु बर्ष भन्दा कम क्षति भएको छ । आगलगी जस्ता बिपद् बिगतका बर्षहरुको तुलना गर्दा यस बर्ष ४० प्रतिशतले घटेको छ । यसरी नै बिपद्का असरहरु न्यूनिकरण गर्नमा मौसम अनुसारको बिपद् पूर्व तयारी अवस्थामा रहनु र कार्य गर्न आवश्यक छ । यस जिल्लामा बिपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाले सफलता पाउनको लागि मौसम अनुसारको अग्रिम बिपद सम्वन्धि जनचेतना तथा प्रतिकार्यको लागी स्थानियतहले मुख्य जिम्मेवारी लिई हामी जिल्लाबासी र जिम्मेवार सरोकारवाला क्षेत्रगत निकायहरु सक्षम हुँदै गएमा बिपद हुने घटना न्यूनिकरण हुन प्रायं: निश्चित नै छ । सोही उदेश्य राखी प्रत्येक बर्ष झैं यस बर्ष पनि जिल्ला बिपद व्यबस्थापन समितिले मनसुन पुर्वतयारी कार्ययोजनाको अवस्था बारे जानकारी लिई गराउँदै यस वर्ष वैश्विक महामारी कोरोना (कोभिड १९) लाई प्राथमिकतामा राखी सो समेतबाट हुने धनजनको क्षति पनि कम हुने बिश्वास राख्दै जिल्ला बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको समिक्षा गरि अध्यावधिक गर्ने जिम्मेवारी DLSO-कोशी पीडित समाज (के भि एस) सप्तरीलाई प्राप्त भएकोमा जिल्ला बिपद् व्यवस्थापन समिती सप्तरीलाई धन्यवाद दिन चाहन्छौं ।

यो योजना तयार गर्न सहयोग पुर्याउने विषयगत निकायहरु, स्थानिय निकाय र पालिका प्रमुख र प्रतिनिधीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकार महासंघ शाखा सप्तरीका मित्रहरु लगायत मानविय सहयोग कार्यक्रम संचालनमा समर्पित संघसंस्थाहरुमा गैर सरकारी संस्था महासघं शाखा सप्तरी, NRCS, SDC, SABAL, Save the Saptari, DCA, LWR, Oxfam Nepal, Save the children,WFP,Unicef स्मेतमा आभार प्रकट गर्दै यो योजना तयार गर्नेमा पूर्ण समय सहयोग र सुझाब पुऱ्याउनुहुने जिल्ला बिपद् व्यबस्थापन समिति सप्तरीका फोकल पर्सन प्रशासकीय अधिकृत आनन्द ठाकुर ज्यु, जिल्ला अपातकालिन संचालन केन्द्र सप्तरीका सूचना अधिकृत विनय पौडेल ज्यु, एन जि ओ फेडरेशन बाट ध्रुव देव ज्यु, शम्भुनन्दन चौधरी ज्यु, दिपक झा ज्यु संगै केभिएसका परियोजना सल्लाहकार समिति, कार्यक्रम संयोजक सरवन चौधरी, सुकदेव चौधरी, प्रविण कुमरसनियाँ र प्रिय कृष्णा जी लगायत सबै सहयोगी मित्रहरुलाई धन्यवाद सहितको प्रस्तुत बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ को पूर्ण सफलताको कामना गर्दछु ।

.....

अधिवक्ता देव नारायण यादव
(कार्यकारी निर्देशक)
कार्यकारी निर्देशक

# शब्द संक्षेप

| | | | |
|---|---|---|---|
| जि.बि.ब्य.स | जिल्ला बिपद् ब्यवस्थापन समिति | जि.आ.का .के | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र |
| प्र.जि.अ | प्रमुख जिल्ला अधिकारी | जि .प्र. का. | जिल्ला प्रहरी कार्यालय |
| जि.स.स | जिल्ला समन्वय समिति | प्र.उ | प्रहरी उपरिक्षक |
| न.पा | नगरपालिका | स.प्र.उ | सशस्त्र प्रहरी उपरिक्षक |
| जि.स.अ | जिल्ला समन्वय अधिकारी | स.प्र.ना.उ | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| गा.पा | गाँउपालिका | प्र.ना.उ | प्रहरी नायब उपरिक्षक |
| साबिक गाविस | साबिक गाउँ विकास समिति | प्र.नि | प्रहरी निरीक्षक |
| जि.कृ.ज्ञा.के. | जिल्ला कृषि ज्ञान केन्द्र | म.वि.अ | महिला विकास अधिकृत |
| जि.प्रा.का. | जिल्ला प्राविधिक कार्यालय | स.प्र.ब. | शसस्त्र प्रहरी बल |
| जि.शि.स.अ. | जिल्ला शिक्षा समन्वय अधिकारी | जि.व.का. | जिल्ला वन कार्यालय |
| जि.शि.स. ई.का. | जिल्ला शिक्षा समन्वय इकाई कार्यालय | जि.भु.स का. | जिल्ला भु संरक्षण कार्यालय |
| जि.स्वा.का. | जिल्ला स्वास्थ्य कार्यालय | खा.न.नि.का. | खाडो नदी नियन्त्रण आयोजना कार्यालय |
| जि.प.से.का | जिल्ला पशु सेवा कार्यालय | रा.अ.गै.स.स | राष्ट्रिय तथा अन्तर्राष्ट्रय गैरसरकारी संस्था |
| ने. से. | नेपाली सेना | के.भि.एस. | कोशी पिडित समाज |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी | DDMC | District Disaster Management Committee |
| UNICEF | United Nations International Children's Emergency Fund | SCI | Save the Children International |
| UNFPA | United Nation Population Fund (United Nations Fund for Population Activities) | WFP | World Food Programme |
| DLSA | District Lead Support Agency | FNG Saptari | Federation of National Journalist Saptari Branch |
| DEOC | District Emergency Operation Center | DHO | District Health Office |
| NEOC | National Emergency Operation Center | NRCS | Nepal Red Cross Society |
| PEOC | Proviencial Emergency Operational Center | KVS | Koshi Victim's Society |
| LEOC | Local Emergency Operation Center | STS | Save the Saptari |
| LWR | Lutheran world Relief | DCA | Danchurchaid |

# सप्तरी जिल्लाको बिपद् पूर्बतयारी तथा प्रतिकार्य योजना २०७७÷०७८

## (District Disaster preparedness and Response Plan2020/2021)

## १. पृष्ठभुमी (Background)

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो । विश्वका २ सय १० मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढिको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौ जोखिमपूर्ण देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिबर्ष बिभिन्न विपदहरु बाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बाली नाली,धनसम्पत्तीको नोक्सानी हुने गरेको छ ।

विपदको कारण नेपालले हरेक बर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ । त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ । कमजोर भु-बनोट, जटिल भुगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन् । अझैपनि यस्तै प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदै छ। यस्तै हरेक बर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन्।

विपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो । यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणापत्रलाई ह्योगो घोषणापत्र **(Hyogo Declaration)** तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको **(Hyogo Framework Plan of Action)** नामले चिनिन्छ । त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अध्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी **(Preparedness),** प्रतिकार्य **(Response)** तथा पुनर्लाभ **(Recovery)** सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्नेसमेत उल्लेख गरिएको छ । सँथै नेपालले तय गरेको

सँथै नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको **Hyogo Framework** तथा सन् २०१५ मार्च १८ मा जापानको सेन्डाईमा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको **The Sendai Framework for Disaster Risk Reduction 2015-2030** बाट निर्दिष्ट छन् । विपद्को सवाल भनेको राहत र उद्धारसंग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सास्कृतिक लगायतका हरेक बिषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध छ । यस्तै संवेदनशील सवालहरुलाई हृदयङ्गम गरी विपद् व्यवस्थापनका गतिबिधिहरुलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ। यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिबिधिहरुलाई बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरुलाई मनन गरी खतरा तथा संङकटासन्नता, विपद् प्रभावित गाउ“पालिका तथा नगरपालिकाहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको क्षमता र सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म प्रभावकारी बनाउने प्रयासस्वरुप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद पुर्व तयारी तथा प्रतिकार्य योजना लाई अद्यावधिक गरी २०७७ प्रकाशन गर्नुको प्रमुख लक्ष्य हो । यस जिल्लामा बिपद् पुर्वतयारी तथा प्रतिकार्य योजनालाई सहजीकरण गर्नको लागि **DCA/** केः भिःएसः सप्तरीले जिल्ला अगुवा सहयोगी संस्था **(District Lead Support Asgency-DLSA)** को भूमिका निर्वाह गरिरहेको छ ।

## १.१ नेपालमा विपद् जोखिम

विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका साथै जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने विकास निर्माणका कार्यहरूले गर्दा नेपाल बिभिन्न प्राकृतिकज्ञ र गैरप्राकृतिक प्रकोपहरूद्द बाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ । जलवायु परिवर्तनका कारण मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र प्रबृत्ति फरक हुँदै गएको छ । जसका कारण विपद् व्यवस्थापनमा नयाँ चुनौतीहरु थपिदै गएका छन् ।

नेपालमा हरेक वर्ष ५०० भन्दा बढी बिभित्र प्रकोपका घटनाहरू हुने गर्दछन् । जसमध्ये बाढी, पहिरो, डुबान, भूकम्प, चट्यांग, आगलागी, हावाहुरी, हिमताल विस्फोट, सडक दुर्घटना लगायतका प्राकृतिक र गैरप्राकृतिक विपद्का घटनाहरु नियमित रुपमा घट्ने गरेका छन् । यसको परिणामस्वरूप ठूलो मात्रामा जनधनको क्षति हुने र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ । पछिल्लो ४५ वर्ष (वि.सं. २०२८ देखि २०७२) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण ज्यान गुमाएका छन् । उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने करिब तीस लाख मानिसहरू प्रभावित भएका छन् । यसैगरी, विगत ५ वर्षको (२०७०-२०७५) तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव १०,००० सडक दुर्घटना हुने गरेका छन् । जसका कारण बर्षेनी करीब १,९०० ब्यक्तिले ज्यान गुमाएका छन् भने करीब १३,००० ब्यक्तिहरु घाईते हुन्छन् ।

विपद् वाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानी नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद् उत्थानशील बनाउन मद्धत पुऱ्याउँदछ । यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

## १.२. सप्तरी जिल्लाको सामान्य जानकारी (Brief Introduction of Saptari District)

### १.२.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन

सप्तरी जिल्ला नेपाल राज्यको दुई नम्वर प्रदेशमा अवस्थित छ । यस जिल्लाको जिल्ला सदरमुकाम राजविराज हो । नेपाल सरकारको स्थानीय पुर्नसंरचना नीति अनुरुप यस जिल्लामा हाल १८ वटा स्थानीय तह रहेका छन्, जसमा ९ वटा नगरपालीका र ९ वटा गाउँपालिका रहेका छन् । यस जिल्लाका पहाडी भूभाग अन्तर्गत चुरे पर्वतीय क्षेत्रमा केही स्थानीय तहका वार्डहरु रहेका छन् भने अधिकांश क्षेत्र समथर भुभागमा अबस्थित रहेकोछ । सप्तरी जिल्ला समुद्र सतहवाट ६४ देखि ४५७ मिटरको उचाइमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १३५९.२८ वर्ग किलोमिटर रहेको छ । पूर्व पश्चिम लम्बाई औसत ४३ किलोमिटर र उत्तर दक्षिण औसत २३ किलोमिटर चौडाइ रहेको यस जिल्लामा ६३ प्रतिशत तराई र ३७ प्रतिशत चुरे भू-भागले ओगटेको छ । निर्वाचन आयोगद्धारा यस जिल्लालाई ४ वटा संघीय प्रतिनिधी सभा निर्वाचन क्षेत्र र ८ वटा प्रदेश सभा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । सप्तरी नेपालको प्रदेश नं. २ अन्तर्गत रहेको जिल्ला हो । सप्तरी जिल्लाको सिमाना पूर्वमा सप्तकोशी नदी संगै जोडिएको प्रदेश नं. १ को सुनसरी जिल्ला, पश्चिममा सिरहा जिल्ला जसलाई वलान खोलाले सिमाना छुट्टाएको छ । उत्तरमा प्रदेश नं १ को उदयपुर जिल्ला र दक्षिणमा भारतको विहार राज्यको सुपौल र मधुवनी जिल्ला पर्दछ

### १.२.२. भू-क्षेत्र र जमिनको बर्गीकरण

सप्तरी जिल्ला समुद्र सतहवाट ६४ देखि ४५७ मिटरको उचाइमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १३५९.२८ वर्ग किलोमिटर रहेको छ । पूर्व पश्चिम लम्बाई औसत ४३ किलोमिटर र उत्तर दक्षिण औसत २३ किलोमिटर चौडाइ रहेको यस जिल्लामा ६३ प्रतिशत तराई र ३७ प्रतिशत चुरे भू-भागले ओगटेको छ ।

### १.२.३.सप्तरी जिल्लाका प्रमुख नदी प्रणाली तथा सहायक नदीनालाहरुको प्रभाव

**यस जिल्लामा बाढी, डुवान, कटान बाट निम्न अनुसारको जोखिम हुन सक्ने सम्भावना देखिएको छ ।**

| क्र.सं | वाढी÷ कटान गर्ने नदि | प्रभावित हुने क्षेत्रहरु |
|---|---|---|
| १ | चुरे क्षेत्रमा हुने वन विनास र भूस्खलन | फत्तेपुर, धरमपुर, भंगहा, हर्दिया, कमलपुर, ठेलिया, कल्याणपुर, पिप्रापश्चिम, घोघनपुर, बकधुवा, खोजपुर, रुपनगर, जण्डौल, तेरहोता, सितापुर, नकटिरायपुर, खोक्सरप्रवाहा, कुशहा, मधुपटि, दौलतपुर |
| २ | कोशी नदीबाट हुने कटान | ओद्राहा, कमलपुर, घोघनपुर, पिप्रापूव जगतपुर, बदगामा, बैरवा, पोर्ताहा, भारदह, जोगिनियाँ १, २, गोवरगाढा, हनुमाननगर, ईनरुवा, कोबरसाईन र रम्पुरा मल्हनियाँ |
| ३ | त्रियुगाबाट हुने कटान | फत्तेपुर र ओद्राहा |

| | | |
|---|---|---|
| ४ | सुन्दरी खोलाबाट हुने कटान | धरमपुर, ठेलिया, रुपनगर, बरमझिया |
| ५ | महुली खोलाबाट हुने कटान | बकधुवा, लोहजरा, ठेलिया, जण्डौल, मैनाकडेरी, त्रिकौल, बरमझिया, बैरवा, पोर्ताहा, |
| ६ | खाँडो खोलाबाट हुने कटान | खोक्सर प्रवाहा, नकटी रायपुर, तेरहौता, बसविटी, हरिहरपुर, दिघवा, पकरी, राजविराज, महदेवा, फसैंठ, देउरीभरुवा, बभनगामाकटी, विसहरिया, लौनियाँ, तिलाठी, , सकरपुरा, रम्पुरा मलहनिया, लालापटी |
| ७ | खडक खोलाबाट हुने कटान | बनरझुला, कल्याणपुर, मैनासहस्रवाहु, नेंग्डा, इनरुवा फुलवरिया, बोदेबरसाईन, बनौली, मानराजा, कविलासा, खडकपुर, पातो, तरही, औरही, भूतही |
| ८ | बलान खोलाबाट हुने कटान | पिप्रापश्चिम, हर्दिया, दौलतपुर, मधुपटी, हरिपुर, मलहनमा, टिकुलिया, पटेर्वा, मलहनिया, मौवाहा, वेल्ही, |
| ९ | कजरा खोलाबाट हुने कटान | बसलवलपुर, शम्भुनाथ, पत्थरगाढा, अर्नाहा, गमहरिया प्रवाहा |
| १० | मुतनी खोलाबाट हुने कटान | कटैया, पत्थरगाढा, वेल्हीचपेना, नर्घो |
| ११ | घोडदह खोलाबाट हुने कटान | जमुनीमधेपुरा, मलेकपुर, बोरिया, सिम्रहासिग्यौन, इटहरी विसनपुर, छिन्नमस्ता |
| १२ | भलुवाही खोलाबाट हुने कटान | राजविराज न.पा., विसहरिया, ईटहरी विसनपुर |
| १३ | गंगाजली खोलाबाट हुने कटान | कमलपुर, ओद्राहा, घोघनपुर |
| १४ | जिता खोलाबाट हुने कटान | बभनगामाकटी, हनुमाननगर, इनरुवा, को.बरसाईन, रम्पुरामल्हनिया, कोईलाडी |
| १५ | सुरुंगा खोलाबाट हुने कटान | कुसहा, हरिपुर, टिकुलिया, पटेर्वा |
| १६ | पौडा खोलाबाट हुने कटान | घोघनपुर, पिप्रापूर्व |
| १७ | विहुल खोलाबाट हुने कटान | पटेर्वा, मल्हनियाँ, रामनगर, रौतहट |
| १८ | पाँची खोलाबाट हुने कटान | बसवलपुर, रामपुरजमुवा, अर्नाहा, बनौली, कविलासा, पातो |
| १९ | अमहा खोलाबाट हुने कटान | पंसेरा, मलहनमा, पटेर्वा, मलहनिया, बनरझुला, सिस्वावेल्ही |
| २० | सुखलाही खोलावाट हुने कटान | दौलतपुर र मधुपटी |

सप्तरी जिल्लामा विगतमा कुन प्रकोपबाट कस्तो विपद् पर्यो सो वारे जानकारी लिनका लागि १० वर्षसम्मको विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पु¥याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा त्यसबाट पर्ने प्रभावको बारेमा जानकारी एकीकृत गरिएको छ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २०६९ | खडेरी | सिस्वा वेल्ही | सवै वडा | लगाएको वाली सवै नष्ट भएको, समुदायमा भोकमरी भएको |
| २ | २०७० | खडेरी र आगलागी | काचन,रायपुर,१ न योगिनिया | सवै वडा | लगाएको वाली सवै नष्ट भएको, समुदायमा भोकमरी भएको र करोडौको क्षति, रायपुर मुसहरी टोल,१ र्न योगिनियामा यादव टोल स्मेतमा भिषण आगलागी |
| ३ | २०७० र २०७१ | बाढी र आगलागी | बरमझिया र कचनरुप नपा एंव रम्पुरा मलहनियाँ | १,२,७ र ८ | १० वटा घर बगाएको , ५० विघा जमिन नष्ट , ५० पशु मरेको लाखौको क्षति,<br>चैत्र १२मा पडेमारामा ३३ घरपरिवार र रमपुरा मलहनियामा ४३ घरपरिवारमा भिष्ण आगलागी भएको |
| ४ | २०७२ | भूकम्प | सप्तरी | सवै गाविस | जिल्ला भित्र मानवीय घाईते भएको २७ जना, व्यक्तिगत घरको आंशिक क्षति १२००, सरकारी कार्यालयको आंसिक क्षति २९, विद्यालयको आशिंक क्षति ५६, मठ मन्दिर आशिंक क्षति २८ र संघ संस्थाहरुको आशिंक क्षति ८ रहेको । |
| ५ | २०७३ | खाडो, महुली, चहका र बलानको बाढी<br>महामारी | सप्तरी का २८ गाविस प्रभावित<br><br>सप्तरीका २ गाविस जमुनि मधेपुरा, कोईलाडी | वरसाईन, कोईलाडी, सकरपुरा, रम्पुराम्लहनिया, इनरुवा ८ गाविस पूर्ण रुपम प्रभावित सक्रमित संख्या करीवन ४०० जना | सप्तरी जिल्ला भित्र मानविय क्षित १, व्यक्तिगत घरको पूर्ण क्षति ३८ र आंशिक ५००, विधालयको आशिंक डुवान ६ मनविय क्षति नभएको |
| ६ | २०७४ | बाढी | सबै गा.पा. र न.पा. | | ५ जनाको मृत्यु, जम्मा प्रभावित ६४८९४५ जना (महिला २९५६६६, पूरुष ३५३२७९) |
| ७ | २०७५ | वाढी, आगलागी, विजुली, जंगली जनावर, चटयाङ्क, विषादि सेवन, सवारी दूर्घटना सर्प दंश, हावाहुरीबाट | हनुमाननगर, कन्चंरूप ,तिलाठी कोइलाडी ,सप्तकोशी,बोदेबरसाइन् तथा अन्य पालिकाका केहि वार्डहरु | | आगलागीः मृत्यू ७ घाइते ९, पानि डुवेर, मृत्यू २१, घाइते २, जगंलित जनावरबाट मृत्य ३, घाइते १६, विजुली मृत्यू ५, घाइते ६, चटयाङ्क मृत्यू २, घाइते ३, विषादि सेवनबाट मृत्यू १२, घाइते ७, सवारी र्दूटना मृत्यु ३६, घाइते १२६, सर्प दंम्स ३, घाइते ३, हावाहूरीबाट घाइते १ |
| ८ | आ.बा.२०७६ /०७७ | वाढी, आगलगी, विजुली, जंगली जनावर, चटयाङ्क, बिषादी सेवन, सवारी दुर्घटना, सर्पदंस, हावाहुरीबाट | हनुमाननगर, कन्चंरूप ,तिलाठी कोइलाडी ,सप्तकोशी,बोदेबरसाइन् तथा अन्य पालिकाका केहि वार्डहरु | | आगलागीः मृत्यू ३, घाइते ११, पानि डुवेर , मृत्यू ७, घाइते ३, जंलित जनावरबाट मृत्य ३, घाइते ४, विजुलि मृत्यू ५, घाइते १५, चटयाङ्क मृत्यू ४, घाइते १०, विसादि सेवनबाट मृत्यू १५, घाइते ७५, सवारी र्दूटना ३२४, घाइते १६९, सर्प टोकाइ ५, घाइते ४, , हावाहूरीबाट घाइते १ |

श्रोत : जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र सप्तरी,२०७६



lhNnf ljkb\k]{tof/L tyf k|tsfo{of]hgf @)&&÷)&*

## १.२.४. माटोको बनावट र उर्वराशक्ति र संभाबित भु-क्षयको क्षेत्र

जिल्लाको जम्मा क्षेत्रफल १३६६३२ हेक्टर मध्ये ६९ प्रतिशत जमिन कृषि योग्य छ । राष्ट्रिय जनगणना २०६८ अनुसार १० वर्ष उमेर भन्दा माथिका आर्थिक रुपले सकृय ६०% जनता कृषि कार्यमा संलग्न छन् । अधिकांश भू-भाग उर्वराशील समथर मैदान भएको कारण कृषि क्षेत्र यस जिल्लाको प्रमुख आधार र प्रमुख संभावना हो । त्रीयुगा नदीबाट ल्याइएको चन्द्र नहर, कोशी बाँधबाट उठाइएको पश्चिम क्यानल र अन्य स्थानीय सिंचाई सुविधाहरूले पनि कृषि क्षेत्रलाई राम्रै टेवा दिएका छन्। जिल्लामा रहेका ५५ वटा खाद्य उद्योगहरूको उपस्थितिले कृषिको व्यापारीकरणमा सहयोग पु¥याएको पाईन्छ । केरा खेती र ऊखु खेती तर्फ किसानहरू आकर्षित भएको पाइन्छ । जिल्लाको वार्षिक खाद्यान्न उत्पादन ५६१८२ मे.टन रहेको छ । कृषक परिवारहरूले कृषि कार्य अन्तर्गत पशुपालनलाई अभिन्न अंगका रुपमा राखेका छन्। दुध र मासु उत्पादनमा पनि सप्तरी जिल्लाको उल्लेखनिय हिस्सा हुन आउँछ । आ.व. २०६९ मा ३८४८० मे. टन दुध र ८६७७ मे. टन. मासु उत्पादन भएको जिल्ला पशुसेवा कार्यालयको अभिलेखले देखाउँछ । करिव २४०० पोखरी रहेको यस जिल्लामा माछापालन व्यवसायको प्रचुर संभावना रहेको छ । कृषि तथा वन जन्य क्षेत्रबाट बाँस, वावियो, पात, पटेर आदि श्रोत समेत उपयोग गरी उद्यम गर्नेहरूको संख्या ५००० हुन सक्ने अनुमान घरेलु तथा साना उद्योग कार्यलयले जनाएको छ ।

## १.२.५. हावापानी, जलवायु

यस जिल्लाको अधिकांश भू-भाग गंगा-ब्रम्हपूत्र बाट प्रभावित नदी उपत्यकाको क्षेत्र भएकोले उपोष्ण मनसुनी हावापानी यस जिल्लाको विशेषता हो । देशको अन्य भू-भाग जस्तै यस जिल्लाको हावापानी लाई धरातलीय उचाई र वंगालको खाडीबाट आउने हावाले प्रभाव पारेको छ । सप्तरी जिल्ला देशको पूर्वी भागमा पर्ने हुनाले मेडिटरेनियन समुन्द्रबाट आउने हिउँदे हावाको खासै प्रभाव पर्दैन । जाडो समयको सरदर तापक्रम १० देखि १५ डिग्री सेल्सीयस र गर्मी समयको सरदर तापक्रम ३८ देखि ४० डिग्री सेल्सीयस रहन्छ । वार्षिक औसत वर्षा ११४१ देखि २०२४ मि.मि. सम्म रहेको पाईन्छ ।

## १.२.६. जनसंख्याको आकार, बृद्धिदर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार १२१०९८ घरपरिवार तथा ६३९२८४, (पुरुष ३१३४८६)४९.१ % र (महिला ३२५४३८) (५१.९% जनसंख्या रहेको यस जिल्लामा लैंगिक अनुपात ९६.४ जनघनत्व ४६९, वार्षिक जनसंख्या वृद्धिदर १.१४, परिवारको औषत आकार ५.२८ रहेको छ । २६४२८ (४.१३%) व्यक्ति विदेश गएका देखिन्छ वैवाहिक अवस्थामा पुनर्विवाह गर्ने पुरुषको संख्या २४६७ र महिलाको संख्या ११३९ छ । फलस्वरुप पुरुषको विदुर हुने संख्या ३१६६ मात्र र महिलाको विधवा हुने संख्या १०,२६६ छ । अन्यत्र जन्म भई यस जिल्लामा वसोवास गर्ने मानिसको जनसंख्या ५% मात्र छ भने यस जिल्लामा आउनु पर्ने मुख्य कारण कृषि रहेको छ । समग्र देशको जनसंख्यामा यस जिल्लाको जनसंख्या २.४१% हुन आउँछ । हालैको जनसंख्या वृद्धिदर कायम हुने हो भने यस जिल्लाको जनसंख्या दोब्बर हुन ६१ वर्ष लाग्दछ ।

## १.२.६.१ नयाँ संरचना अनुसारका नपा, गाउँपालिकाको जनसंख्या विवरण

| क्र.स. | स्थानिय तहको नाम | जनसंख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | |
| १ | राजविराज नगरपालिका | 13384 | 35092 | 33304 | 68396 | |
| २ | शम्भुनाथ नगरपालिका | 6764 | 16776 | 18437 | 35213 | |
| ३ | सप्तकोशी नगरपालिका | 4539 | 10018 | 11113 | 21131 | |
| ४ | कञ्चनरुप नगरपालिका | 10192 | 25953 | 27335 | 53288 | |
| ५ | खडक नगरपालिका | 8615 | 21308 | 24060 | 45368 | |
| ६ | डाक्नेश्वरी नगरपालिका | 8149 | 20687 | 22067 | 42754 | |
| ७ | बोदे बरसाईन नगरपालिका | 8022 | 21319 | 28071 | 49390 | |
| ८ | सुरुगाँ नगरपालिका | 8650 | 20787 | 22435 | 43222 | |
| ९ | हनुमाननगर कंकालिनी नगरपालिका | 8152 | 22725 | 22009 | 44734 | |
| १० | विष्णुपुर गाउँपालिका | 4370 | 11438 | 11600 | 23038 | |
| ११ | वलान विहुल गाउँपालिका | 3976 | 10796 | 11023 | 21819 | |
| १२ | रुपनी गाउँपालिका | 5012 | 12824 | 13563 | 26387 | |
| १३ | महदेवा गाउँपालिका | 5395 | 14215 | 13327 | 27542 | |
| १४ | राजगढ गाउँपालिका | 5242 | 14487 | 14972 | 29459 | |
| १५ | तिलाठी कोईलाठी गाउँपालिका | 5697 | 16182 | 14551 | 30733 | |
| १६ | तिरहुत गाउँपालिका | 4078 | 10913 | 11097 | 22010 | |
| १७ | छिन्नमस्ता गाउँपालिका | 5439 | 13920 | 13191 | 27111 | |
| १८ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | 5422 | 13846 | 13283 | 27129 | |
| | जम्मा | **121098** | **313846** | **325438** | **639284** | |

*श्रोत : सप्तरी जिल्लाको गाँउपालीका÷नगरपालीका प्रोफाईल,२०७५*

## १.२.७ जिल्लामा विद्यमान स्वास्थ्य सेवाको अवस्था :

जिल्लामा अवस्थित स्वास्थ्य सेवा सम्वन्धी विवरण विवरण संख्या विवरण संख्या अञ्चल अस्पताल १, आँखा अस्पताल निजी १, जिल्ला जन स्वास्थ्य कार्यालय १, किर्ती हेल्थ केयर एण्ड जुन अवारनेस सेन्टर १, प्राथमिका स्वास्थ्य केन्द्र २, नेपाल प्राविधिक सहयोग समुह १, स्वास्थ्य चौकी ३० नेपाल परिवार नियोजन संघ १ उप स्वास्थ्य चौकी ८२, मातृ तथा शिशु स्याहार केन्द्र (रा.वि.न.पा.) १, गाउँ घर क्लिनिक मासिक ४०७, संस्थागत क्लिनिक, अस्पताल १, खोप क्लिनिक (मासिक) ४५९, महिला स्वास्थ्य स्वयंसेविका १०२६ निजी अस्पताल, नर्सिङ होम ५ महिला स्वास्थ्य स्वयंसेविका रा.वि.न.पा. ४८ पोषण पुनस्थापना केन्द्र १, डट्स उपचार केन्द्र १०३, प्रसुती केन्द्रको संख्या २१, डट्स सब सेन्टर १०३ प्रसूती शिप सम्वन्धी तालिम प्राप्त स्वास्थ्य कर्मी ३०, जिल्ला आर्यूवेद कार्यालय १, किशोर, किशोरी र प्रजनन स्वास्थ्य सेवा केन्द्र आर्यूवेदीक औषधालय २, Anti Retro Viral therapy सेवा १ रहेको छ तेस्तै जिल्लामा नेपाल रेडक्रस रक्त संचार केन्द्र १ ठाउँमा रहेको छ ।

## १.२.८. जिल्लाको सडक सञ्जालको अवस्था :

कोशी व्यारेज देखी वलान नदि सम्म महेन्द्र राजमार्ग , फत्तेपुर देखी इनवा हुदै वेलही भंसार सम्म पक्की सडक , भारदह देखी हनुमाननगर हुदै राजविराज सम्म पक्की सडक , महुली देखी तिलाठी को इलाडी सम्म ग्राभेल तथा पक्की सडक, रुपनी देखि राजविराज हुदै छिन्नमस्ता सम्म पक्की सडक , कठौना देखी डाक्नेश्वरी न.पा. को पातो सम्म पक्की तथा ग्राभेल सडक, शम्भूनाथ न.पा.को विषनपुर चौक देखी बोदेबर्सान हुदै बोडर सम्म पक्की सडक , सरुङ्गा न.पा.को कुशहा देखी मौहुवा वेल्ही बोडर सम्म पक्की तथा ग्रोभेल सडक रहेको छ । हुलाकी राजमार्ग वलान नदी देखि राजविराज सम्म र राजविराज देखी डिमन हुदै कंचनरुप न.पा. सम्म कच्ची र ग्राभेल बाटो , कोशी पश्चिमि नहरको बाटो व्यारेज देखी डाक्नेश्वरी न.पा.को तरही सम्म ग्राभल तथा कच्ची बाटो रहेको छ ।

# यातायात : जिल्लाको सदरमुकाम बाट प्रमुख स्थानहरुसम्मको दुरी

| क्र.स. | स्थानियतहको नाम | जिल्ला सदरमुकामबाट दुरी (कि.मी.) | सार्वजनिक तथा यातायातका साधनहरु |
|---|---|---|---|
| १ | राजविराज नगरपालिका | ० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| २ | शम्भुनाथ नगरपालिका | १५ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ३ | सप्तकोशी नगरपालिका | ५० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ४ | कञ्चनरुप नगरपालिका | ४० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ५ | खडक नगरपालिका | ४० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ६ | डाक्नेश्वरी नगरपालिका | ४० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ७ | बोदे बरसाईन नगरपालिका | ५० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ८ | सुरुगाँ नगरपालिका | ५० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ९ | हनुमाननगर क.कालिनी नगरपालिका | १२ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १० | विष्णुपुर गाउँपालिका | १० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| ११ | वलान विहुल गाउँपालिका | ६० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १२ | रुपनी गाउँपालिका | १० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १३ | माहदेवा गाउँपालिका | १५ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १४ | राजगढ गाउँपालिका | १५ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १५ | तिलाठी कोईलाठी गाउँपालिका | १३ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १६ | तिरहुत गाउँपालिका | २० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १७ | छिन्नमस्ता गाउँपालिका | २० की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |
| १८ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | २५ की.मी | बस, जीप, अटो, मोटरसाईकल, ट्रक, ट्र्याक्टर |

## १.२.९. खानेपानी तथा सरसफाइ :

यस सप्तरी जिल्लाको कुल जनसंख्याको ७७.५० प्रतिशत जनसंख्या अर्थात शुद्ध खानेपानी सुबिधा पाएको जनसंख्या ४ लाख ९९ हजार १ सय ३४ जना रहेका छन् । सरसफाई सुबिधा भने जिल्लाका सबै घरधुरीमा पुगेको छ ।

## १.२.१० बिद्युतीकरण तथा सञ्चारको अवस्था :

यस जिल्लाको सबै स्थानीय तहमा विद्युतिकरण सेवा पुगेको छ । केही स्थानमा बिस्तारको कार्य भइरहेको छ भने दुर्गम क्षेत्रमा सोलार लगायत अन्य बैकल्पिक सेवाबाट उज्यालो सेवा लिइरहेको अवस्था छ । वि.सं.२०७५ सालभित्रमा सबै क्षेत्रमा बिद्युतको पहुँच पु¥याउने लक्ष्य सहित विद्युतीकरणलाई विकासको एक सूचकको रुपमा लिइनुका साथै यसले अन्य सबै क्षेत्रको विकासलाई समेत बढावा दिनमा मद्दत पु¥याउँदछ ।

सप्तरी जिल्लाका सवै गापा÷नपाहरुमा टेलिफोन सुविधा पुगेको छ । यस जिल्लामा आ.व.२०७५÷७६ सम्ममा नेपाल टेलिकमबाट ल्याण्डलाइन फोन, मोबाइल, स्काइफोन तथा सी.डी.एम.ए लगायत २ लाख १६ हजार १ सय ९९ लाइनभन्दा बढी फोन लाइन वितरण गरिएको छ । एनसेलले वितरण गरेको संख्या जोड्दा यो संख्या अलि धेरै हुन आउँछ । तथापी यी फोन अन्य जिल्लामा पनि उपयोग हुने तथा एकै व्यक्तिले धेरै उपयोग गर्ने गरेको समेत पाइएको छ । जिल्लामा १० राष्ट्रिय दैनिक, ७ वटा साप्ताहिक र ६ वटा एफएम रेडियो सञ्चालनमा छन् ।

## २. संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन

नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ( यसपछि प्राधिकरण भनिने , प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति,अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रमतर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

## ३. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५) मा भएको व्यवस्था :

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५) ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । उक्त कार्यढाँचाले आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद् पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ ।नेपाल सरकारले विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्यूनीकरणराष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) २०७५ तयार गरी लागु गरेको छ ।

## ४ . विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुको उद्देश्य

**समष्टिगत उद्देश्य :** जिल्ला आपतकालिन योजनाको समष्टिगत उद्देश्य यस प्रकार रहेको छ ।

- बाढीजन्य तथा अन्य विपद्घाट उत्पन्न मानवीय असरहरू न्यूनीकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै विपद् प्रभावितहरूको आवश्यकताहरूलाई प्रभावकारी एवम समन्वयात्मक रुपमा राहत उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु ।

निर्दिष्ट उद्देश्य :

जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्दिष्ट उद्देश्यहरु यस प्रकार रहेकाछन ।

१ जिल्ला स्थित जोखिममा रहेका पालिकाहरुको विपद्को परिस्थिति हेरी संकटा संता विश्लेषण गरि स्थानीय श्रोत साधन र क्षमताको पहिचान गर्ने ।

२ जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको श्रोत साधन तथा मानविय क्षमता अभिवृद्धिमा सहयोग पु¥याउने ।

३ बाढी तथा अन्य प्रकोपबाट उत्पन्नहुने विपद्को व्यवस्थापनका लागि पूर्वसूचना प्रणाली , स्थानीय स्रोत, साधन, सीप र ज्ञानको अधिकतम उपयोग गर्दै प्रतिकार्य तथा पूर्व तयारी योजना अनुसार जिल्लास्थित सम्बन्धित निकायको क्षमता अभिवृद्धि गर्ने ।

४ आपतकालीन अवस्थाको सामना गर्न जिल्ला स्थित सरोकारवालाहरुको समन्वयात्मक प्रतिकार्यलाई अझ प्रभावकारी बनाउने ।

५ विपद्को प्रतिकार्यका लागी कमी कमजोरीहरुको विश्लेषण गरी सो को परिपूर्ति गर्न स्थानिय स्तर र वाह्य स्तर समेतवाट पहल गर्ने ।

६ कोभिड १९ जोखिम नियन्त्रण तथा व्यवस्थापनका लागि पूर्वतयारी योजना, कार्यान्यवनका लागि विभिन्न गतिविधिहरुमा सरोकारवाला निकायहरु संग सहर्काय,समन्वय तथा गैरसरकारी निकायहरुलाई अधिकतम रुपमा परिचालन गर्ने ।

# अपनाईएका रणनीति

जिल्ला cfktsfnLg योजनाको तर्जुमा जिल्लाका सम्पूर्ण सरोकारवालाहरूको संलग्नतामा गरिएको छ । यो योजनाको तर्जुमा विगत आठ वर्षको अवधिमा गएका बाढीबाट परेका प्रभावहरूको विश्लेषणमा आधारित छ र योजना तर्जुमाको प्रयोजनका लागि सबभन्दा खराब परिस्थितिलाई ध्यानमा राखिएकोछ । जिल्लामा क्रियाशील विभिन्न निकायहरूको क्षमताको विश्लेषणका आधारमा पूर्व-तयारी तथा प्रतिकार्य कार्यक्रमका लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको छ । "पूर्वतयारी" तथा "प्रतिकार्य कार्यक्रम" सम्बन्धी दुवै योजना आपत्कालिन योजनामा उल्लेखित प्रमुख गतिविधि हुन्छन् । योजना तर्जुमा गर्दा यसको कार्यान्वयनमा सहयोग उपलब्ध गराउने उपयुक्त निकायको पहिचान पनि गरिएकोछ । विगतका वर्षको बाढी, आगलागि र विगत वर्षको विनाशकारी भूकम्पको अनुभवबाट सिकिएका पाठ तथा सिफारिसहरूलाई हरेक क्षेत्र (Cluster) का लागि आपत्कालिन योजना तर्जुमा गर्दा ध्यानमा राखिएकोछ ।

जिल्ला cfktsfnLg योजना अन्तर्गत जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजनाको व्यवस्थापन जिल्ला प्रकोप उद्धार समितिको समष्टिगत समन्वयमा गरिएको छ । हरेक क्षेत्र (Cluster) मा नेतृत्व प्रदान गर्ने निकायको अगुवाइमा क्षेत्रगत हरेक समूहले सो क्षेत्रमा संलग्न विभिन्न निकायहरूका बीचमा समन्वय गर्ने र विपद्को परिस्थितिसँग सम्बन्धित उठ्न सक्ने सवालहरूलाई सम्बोधन गर्नका निमित्त आफ्नो क्षेत्रको cfktsfnLg पूर्व-तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन समन्वयात्मक रूपमा गर्नका लागि ती निकायहरूका सबल पक्ष तथा विशेष ज्ञानमाथि ध्यान दिईएकोछ । आपत्कालिन योजनालाई अन्तिम रूप दिइसकेपछि पूर्वतयारी सम्बन्धी कदमहरूमा भएको प्रगतिलाई सुनिश्चित गर्नका निमित्त सो योजनाको समीक्षा जिल्ला विपद् ब्यबस्थापन समितिबाट गरीएको छ ।

## ४.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता

विपद्को समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न बनेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समय अनुकुल बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने फेरबदल अनुसारको प्रतिकार्य योजना बनाउन यस अघि बनेको प्रतिकार्य योजनालाई अद्यावधिक गर्नुपर्ने हुन्छ ।

१. प्रतिकार्य योजना अद्यावधिक गर्दा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरु समेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता आउँछ ।

२. विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद्मा आउने श्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न विपद् प्रतिकार्य योजनाले मद्दत गर्छ ।

३. प्रभावित समुदायलाई प्रकोपको पूर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन समेत दिन्छ ।

४. विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।

५. आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।

६. क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

साथै २०७१,२०७३ र २०७४ को श्रावण महिनामा सप्तरी जिल्लामा आएको बाढी र २०७२ को गोरखाको भूकम्पबाट सिकिएका पाठका आधारमा भुकम्प तथा बाढी आकस्मिक प्रतिकार्य योजना निर्माण गरी पूर्वतयारीका कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।

७ .बाढी तथा भुकम्पिय प्रतिकार्य तालीकाको आधारमा बिपद्को समयमा जिल्ला स्थित सरोकारवाला निकायहरु प्रतिकार्यमा क्रियाशिलतामा बृद्धि भई प्रभावकारी प्रतिकार्यका गतिबिधि संचालनमा मद्दत गर्दछ ।

## ४.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा :

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिनुका सिमा र यस योजनाका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

- जिल्लास्तरीय विपद् पूर्वतयारी योजनालाई बार्षिक रुपमा अद्यावधिक गर्ने गरिएको छ ।

यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा कानूनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिमन्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरू छन् । यसैगरी, अन्तर्राष्ट्रियस्तरमा विपद्-जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०) दिगो विकासका लक्ष्यहरू, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै संघ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्नु आवश्यक हुन्छ ।यस योजनाले विपद्को पूर्बतयारी तथा प्रतिकार्य कसरी गर्ने बिषयलाई मात्र समेट्छ । स्थानीय तहमासमेत बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनका लागि सहयोगी भूमिका रहन सक्नेछ ।

**१)** यो विपद् प्रतिकार्य योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत अवधारणा (Cluster Approach) र नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बिपद् ब्यवस्थापन ऐन अनुसार स्थानीय तहलाई समेत समेटी अद्यावधिक गरिएको छ ।

**२)** विपद् परेको अवस्थामा अद्यावधिक गरिएको योजनाले विपदमा आवश्यक पर्ने श्रोत संकलन तथा परिचालनमा विषयगत सहयोगी निकायको पहिचानमा सहयोग मिल्ने देखिन्छ ।

**३)** अद्यावधिक गरिएको प्रतिकार्य योजनाको कार्यान्वयनले जिल्लास्थित संघसंस्थाहरुले क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न सक्नेछन् ।

## ५. योजनाको पृष्ठभुमि - बिपदको स्थिती , योजनाको आवश्यकता औचित्य

### ५.१. बिपद पूर्बतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो, साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यस योजनाका विशिष्ट नतिजा निम्नअनुसार छन् :

१ विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुनेछन् ।

२ विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।

३ विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ ।

४ उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुचको प्रत्याभूति हुनेछ ।

५ सामाजिक, सास्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।

६ क्षेत्रगत रूपमा कामका बाडफाँडहुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वको भावनाको विकास हुनेछ ।

७ सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।

८ जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आकलन हुनेछ ।

९ बिषयगत क्षेत्रहरुको बाढी, भूकम्प र आगलागीको आकस्मिक योजना निर्माणभई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।

१०. विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुर्याउन सरल उपायहरु अविलम्बन गर्न सजिलो पार्नेछ ।

११. जिल्ला cfktsfnLg कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुनेछ ।

१२ स्थानीय तहमा बिपद् cfktsfnLg कार्यसंचालन केन्द्र स्थापन भई कार्यान्वयनमा आउने र बिपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज हुनेछ ।

१३ विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

१४ विपद्को समयमा स्थानीयतह तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढन सहज हुनेछ ।

१५ यस जिल्ला भई बग्ने नदीहरुमा कोशी,त्रियुगा,र खाडो नदीमा बाढी पूर्बसुचना प्रणाली स्थापना भएको छ बाकी यी नदीहरु सुन्दरी, महुलि, खाडो, ,खडक, विहुल, बालन नदिमा बाढी पूर्बसुचना प्रणाली स्थापना गर्न आवश्यकता छ ।

यस जिल्लाका स्थानीय तहहरु, संघीय तथा प्रदेश अन्तर्गतका सरकारी निकायहरु, विपदमा सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, जिल्ला cfktsfnLg कार्यसञ्चालन केन्द्र, के.भि.एस, सेव द सप्तरी, SCDC सबल नेपाल , **धर्मिहल्फा**, गैह्सरकारी संस्था महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल पत्रकार महासंघ, उद्योग बाणिज्य महासंघ, खानेपानी उपभोक्ता महासंघ, संयुक्त राष्ट्र संघीय निकायहरु लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय संघ संस्थाहरुको उपस्थिति रहेको छ । त्यसैगरी स्थानीय तहका निर्माण व्यवसायी संघ, औषधि व्यवसायी संघ, निजि अस्पतालहरु, यातायात ब्यवसायी समिति, समुदायमा आधारित गैर सरकारी संस्थाहरु र नागरिक समाज कार्यरत छन् ।

## ५.३ जिल्लामा रहेका सरकारी निकाय तथा मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची

| क्र.सं. | संस्था वा कार्यालय | सम्पर्क व्यक्ति | कार्यालयको टेलिफोन मोबाई नम्बर |
|---|---|---|---|
| 1 | जिल्ला प्रशासन कार्यालय | प्रजिअ: शंकरहरि आचार्य<br>बिपद् सम्पर्क व्यक्ति : आनन्द कुमार ठाकुर | )#!-%@)^@$, 9852857777<br>9852821577<br>daosaptari1@gmail.com<br>deoc.saptari@gmail.com |
| 2 | जिल्ला समन्वय समिति | जिसअ : प्रभाकर यादव<br>नि. प्रमुख गंगाराम साह | 031520196, 9842821085<br>९८४२८२०४७४ |
| 3 | राजविराज नगरपालिका | नगर प्रमुख: शम्भु प्रसाद यादव<br>बिपद् सम्पर्क व्यक्ति : ज्योतिष कु यादब | 9842821172<br>rajbirajmunsaptari@gmail.com<br>९८५२८३१३८४ |
| 4 | शम्भुनाथ नगरपालिका | नगर प्रमुख : योगेन्द्र कुमार चौधरी<br>बिपद् सम्पर्क व्यक्तिः महोमद तमन्ना | 9803484458<br>Shambhunathmun@gmail.com<br>९८१५७३४००५ |
| 5 | सप्तकोशी नगरपालिका | नगर प्रमुख : उत्तम कुमार शर्मा<br>बिपद् सम्पर्क व्यक्ति : महानन्द चौधरी | 9842831692<br>saptakoshimun@gmail.com<br>९८६१५७५६१५ |
| 6 | कञ्चनरुप नगरपालिका | नगर प्रमुख : बसन्त मिश्र<br>बिपद् सम्पर्क व्यक्तिः राजेश कु यादव | 9862814861<br>kanchanrupmunitipility@gmail.com<br>९८६५१२३७५० |
| 7 | खडक नगरपालिका | नगर प्रमुख : हेमायू हग<br>बिपद् सम्पर्क व्यक्तिः इफान अयुब | 9852854053<br>khadakmunitipality@gmail.com<br>९८१९२२०७८६ |
| 8 | डाक्नेश्वरी नगरपालिका | नगर प्रमुख : शिव नारायण साह<br>बिपद् सम्पर्क व्यक्तिः उमेश प्रसाद शाह | 9852821556<br>Madakneswori@gmail.com<br>९८२९७२३९३५ |
| कृषि ज्ञान केन्द्र | खाद्य तथा कृषि | प्रमुख : राजेन्द्र प्रसाद यादव | dadosaptari@gmail.com |

| | | | |
|---|---|---|---|
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | खानेपानी, स्वच्छता तथा सरसफाई | डिईः राम कुमार श्रेष्ठ | ९८४२०२५४८७<br>०३१-५२१२५४<br>nwscrajabirajsakha@gmail.com |
| स्वास्थ्य कार्यालय | आपतकालिन स्वास्थ्य तथा पोषण सेवा | कार्यालय प्रमुख दुनियालाल यादव | ०३१-५२१६०६<br>Dpho.saptari@yahoo.com |
| जिल्ला वन कार्यालय | cfktsfnlg आश्रयस्थलका लागी काठको ब्यवस्थापन | प्रमुख सन्तोष झा | ९८५२८२१०८२<br>dfosaptariraj@gmail.com |
| सघन शहरी विकास तथा भवन निर्माण आयोजना | आपत्कालीन आश्रयस्थल निर्माण तथा ब्यवस्थापन | डिई : कृष्ण देब झा | ९८५२८२७५२५<br>Udbosaptari@gmail.com |
| सडक डिभिजन कार्यालय | सडक सुचारु राख्ने | डिई : < | ०३१-५२०२०० |
| पुर्वाधार बिकास कार्यालय | अस्थायी आवासका लागी सहयोग | प्रमुखः < | ०३१-५२१४०८ |
| जिल्ला cfktsfnlg कार्य सञ्चालन केन्द्र | सूचना समन्वय तथा सम्पर्क | विनायक पौडेल<br>सूचना ब्यवस्थापन अधिकृत | (*$!)@*!^(,(*)(&!)%$#<br>binayakpoudel3@gmail.com |
| नेपाल रेडक्रस सोसाईटी | स्वयंसेवक तथा गैरखाद्य सामग्री व्यवस्थापन | सभापतिः जोगेन्द्र भगत | ९८५२८२०१२१<br>०३१-५२११२१<br>Saptariredcross@gmail.com |
| गै.स.स.महासंघ नेपाल | खाद्यान्न संकलन तथा पुनस्थापनमा सहयोग | शम्भुनन्द चौधरी | 9852892665 |
| पत्रकार महासंघ | सूचना संप्रेसण | अध्यक्ष : जितेन्द्र खड्का | 9852820229 |
| उद्योग बाणिज्य संघहरु तथा चेम्वर अफ कमर्शहरु | खाद्यान्न संकलन तथा बितरणमा सबै उद्योग बाणिज्य संघ तथा चेम्वर अफ कमर्शहरु सँग समन्वय तथा सहजीकरण गर्ने | अध्यक्ष : अरुण प्रधान | 9842830209 |
| के. भि .एस. ससरी | स्वयंसेवक तथा गैरखाद्य सामग्री व्यवस्थापनमा सहयोग | देव नारायण यादव<br>कार्यकारी निर्देशक<br>के.भि.एस.ससरी | koshivsociety@gmail.com<br>9852820612 |

## ५.८ आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान

आवश्यकताको लेखाजोखा र खाडल पहिचानको सन्दर्भमा पनि क्षेत्रगत रुपमा नै जिल्लामा भएका श्रोतहरुको अवस्था आँकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र बिगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका खाडलहरु समस्याहरु पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ ।

- सबै स्थानीय तहले बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४(संशोधन २०७५) राष्ट्रिय बिपद् जोखिम न्यूनिकरण निति २०७५, बिपद जोखिम तथा ब्यवस्थापन रणनिति २०७५ लाई आत्मसाथ गरी सबै तहले तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्ने छ ।
- सबै स्थानीय तहहरुले प्रर्याप्त मात्रामा खोज तथा उद्धारका सामाग्रीहरुको भण्डारण गर्नुपर्ने देखिन्छ ।
- सबै स्थानीयतहले बिपद् जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सबै स्थानीय तहले बिपद् प्रभावितहरुलाई तत्काल अस्थायी आवासका लागि बिपद् पूर्व नै खुल्ला तथा सुरक्षित स्थानको पहिचान गर्नुपर्ने ।
- स्थानीय तहले बिपद् ब्यवस्थापनका लागि क्षमता अभिबृद्धिका गतिबिधि संचालन गर्नुपर्ने । जस्तैः बिपद् लेखाजोखा, बिपद् जोखिम न्यूनीकरण, बिपद् ब्यवस्थापन योजना तर्जुमा, सामुदायिक खोज उद्धार, जोखिमको नक्शांकन आदि सम्बन्धी तालिमको आयोजना गर्न सकिने ।
- नयाँ संरचना अनुसार जिल्लामा भएका सबै क्षेत्रगत कार्यालयहरु स्थानीय तहमा रहने भएको हुँदा सबै स्थानीय तहले क्षेत्रगत अबधारणालाई **(Cluster Approach)** अबलम्वन गरी सबै क्लष्टरलाई सक्रिय बनाउने । जसमा राहत, बिपद् लेखाजोखा, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, अस्थायी आवास, संरक्षण आदि आवश्यकताको आधारमा सक्रियता बनाउने ।
- स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना गरी पूर्णरुपमा प्रभावकारी ढंगबाट संचालनमा ल्याउने जसले गर्दा स्थानीय तहमा बिपद् ब्यवस्थापनका लागी पूर्बतयारी र प्रतिकार्यमा महत्वपूर्ण भुमिका रहन्छ ।

## ५.८.१ स्थानीय तहहरुमा श्रोत साधन मापनको अवस्था

सप्तरी जिल्लामा विपद को क्षेत्रमा बिपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन २०७५,बिपद ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७५,पालिका तथा वडास्तरिय बिपद ब्यवस्थापन समिती, बिपद ब्यवस्थापन कोष साथै केही स्थानीय तहहरुमा पूर्ब तयारीका अभ्यासहरु सुरु भएको छ । सबै स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई नियमित अध्यावधिक गर्नुपर्ने र बनाइसकिएको योजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने छ । सबै स्थानीय तहमा खुला तथा सुरक्षित क्षेत्रहरु पहिचान गर्नुपर्ने आवश्यकता रहेको छ र सुरक्षित क्षेत्रहरु हुँदाहुँदै पनि पहिचान नगरिँदा बिपद्को समयमा प्रभावित परिवारहरुलाई ब्यवस्थापन गर्न चुनौतिपूर्ण हुँदै गएको छ । स्थानीय तहले विपदमा प्रयोग गर्न सकिने औजार तथा उद्धारका केही सामान्य औजारहरु स्टेचर, अग्नी नियन्त्रण सामग्री लगायतका आधारभूत सामग्री भण्डारण गर्नुपर्ने । जसले समयमा नै प्रभावितहरुको ज्यान बचाउन मद्दत गर्छ । सबै स्थानीय तहले विपद् व्यवस्थापन समिति गठनसम्म गरेको पाईयो भने विपदमा प्रयोग गर्न सकिने गरी बिपद् ब्यवस्थापन कोषहरु स्थापना गरेको पाइयो । तिरहुत,तिलाठि कोईलाडी गाउपालिका,सप्तकोशी,कन्चंरूप,हनुमाननगर कंकालिनी नगरपालिकामा कोशी पीडित समाजको सहयोगमा बाढी उत्थानशिल परियोजना मार्फत बिपद् जोखिम न्यूनीकरणका गतिबिधिहरु सञ्चालन गरिरहेका छन् साथै तिलाठि कोईलाडी गाउपालिका र हनुमाननगर कंकालिनी नगरपालिकामा नेपाल रेडक्रस सोसाइटीको सहयोगमा कोशि बेशिन कार्यक्रम मार्फत बिपद् जोखिम न्यूनीकरणका गतिबिधिहरु सञ्चालन गरिरहेका छन् भने केही स्थानीय तहले विपद् न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्न थालेका छन् ।

## ६. विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य योजना

### ५.१. विषयगत क्षेत्रको परिचय (Introduction of Cluster Approaches)

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारिताका लागि राष्ट्रिय र जिल्लास्तरमा विषयगत क्षेत्रहरू **(Clusters Lead)** र स्थानीय तहहरुमा रहने क्षेत्रगत ईकाइहरुलाई आधार मानेर कार्य विभाजन गरिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न जिल्लास्तरका लागि वर्तमान समयमा चुनौति देखिए स्थानीय तह र सो अन्तर्गत रहने बिषयगत ईकाइहरुको पनि कार्यविभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारीबोध हुने भएकोले जिल्लास्तरमा रहने बिषय क्षेत्रगत कार्यालयहरुले आ–आफ्नो क्षेत्रगत अवधारणालाई स्वीकार गर्ने र स्थानीय तहलेसमेत यस अबधारणालाई लागु गर्नुपर्ने छ । अन्तर्राष्ट्रियस्तरबाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्न अनुसार रहेका छन्ः

- ठूलो विपद्को अवस्थामा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले स्थानीय तहदेखि समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउने कार्यलाई निश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमिकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।
- विषेश संकटासन्न समूहहरु अपांगता भएका ब्यक्तिहरु, महिला, बालबालिका, एकल महिला, जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिला आदिलाई बिषेश प्राथमिकतामा राखी प्रतिकार्यका गतिबिधिहरुलाई अगाडी बढाईनेछ ।
- सबै स्थानीय तहमा नेतृत्व गर्ने ईकाइ हुने भएकोले बास्तविक प्रभावितको लेखाजोखा हुने, समयमा नै प्रतिकार्यका गतिबिधिहरुलाई कार्यान्वयनमा ल्याई मानवीय सेवा कार्यमा छिटो र सहज हुने छ ।

**क्षेत्रगत नेतृत्व गर्ने निकायहरुको मुख्य कार्यहरु :**

- मूख्य साझेदारहरुको पहिचान
- कार्यक्रम कार्यान्वयनमा समन्वय
- आवश्यकता पहिचान, कार्ययोजना निर्माण तथा रणनीति तय
- नीति, कार्यनीति तथा मापदण्डको कार्यान्वयन
- अनुगमन तथा प्रतिवेदन
- श्रोत परिचालन तथा वकालत
- नागरिक समाज तथा सरकारी संयन्त्रलाई प्रशिक्षण तथा क्षमता विकास
- अन्य क्षेत्रसँग समन्वय

**उद्देश्य :**

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नअनुसार रहेका छन् ।

- जिल्ला तथा स्थानीय तह मार्फत क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु ।
- स्थानीय तह र जिल्लास्तरमा cfktsfnLg पूर्वतयारी तथा प्रतिकार्यका गतिबिधिहरुलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु ।
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि स्थानीय तहहरुले नै पूर्बतयारी तथा प्रतिकार्यका लागि योजना निर्माण गरि विशेषज्ञ परिचालन गर्नु ।
- समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रबीच समन्वय र समझदारी अभिवृद्धि गर्नु ।
- स्थानीयतह र क्षेत्रगत नेतृत्व गर्ने निकायहरुबीच क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

## ६.२ जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्व (Cluster Lead) :

विपद्को समयमा मानवीय सहयोगलाई प्रभावकारी बनाएर बिपद् प्रभावितहरुको जीवनरक्षाका लागि जिल्ला बिपद् ब्यवस्थापन समितिसँग सहकार्य गरी जिल्लास्तरमा निम्नअनुसार क्षेत्र निर्धारण र काम गर्ने गरी २०६८ मा क्षेत्र विभाजन गरिएको हो । जसलाई अहिले जिल्ला बिपद् पूर्बतयारी तथा प्रतिकार्य योजना २०७६ लाई अद्यावधिक गरी परिमार्जन गर्ने काम गरिएको छ । केही बिषयगत कार्यालयहरु स्थानीय तहमा समायोजन भएको हुँदा बिगत बर्षहरुमा भएका बिषयत क्षेत्रहरुको नेतृत्व स्थानिय तहमा नै शुरु गर्नुपर्ने देखिन्छ । बिषय क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूचि यसप्रकार रहेको छ ।

# क्षेत्रगत नेतृत्व गर्ने निकायहरु :

| बिषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन मोबाईल मेल | सहयोगी संघ सस्था |
|---|---|---|---|---|
| १.खोज, तथा उद्धार र समन्वय | जिल्ला प्रशासन कार्यालय | प्रजिअ शँकरहरि आचार्य<br>विपद् फोकल पर्सन : आनन्द कुमार ठाकुर | )#!–%@#&^@ (*%@*%&&&& Sankarhariachrya@gmail.com | नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाली सेना गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, रेडक्रस सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |
| २. खाद्य तथा कृषि | कृषि ज्ञान केन्द्र स्थानीय तह | राजेन्द्र प्रसाद यादव | 031-520050, 9852820765 | जिल्ला समन्वय समिति, पशु अस्पताल,गाउँपालिका/नगर पालिका, उद्योग वाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, ग्लोबल सहकारी संस्था, सवल नेपाल MCDC , कोशी पिडित समाज, नेपाल रेडक्रस सोसाईटी |
| ३. cfktsfnlg आवास तथा गैर खाद्य | स.श.बि.भ.नि.आयोजना. र श.बि.भ.नि.डि.का. नेपाल रेडक्रस सोसाइटी | डिई : कृष्ण देब झा<br>सभापति : जोगेन्द्र भगत | ९८५२८२७५२५ Udbosaptari@gmail.com 9852821121 | जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, जिल्ला प्राविधिक कार्यालय, नेपाल रेडक्रस सोसाईटी,कोशी पिडित समाज Save the Saptari गाउँपालिका÷नगरपालिका, सवल नेपाल श्रीपुराज |
| ४.आपतकालीन संरक्षण | जिल्ला प्रशासन कार्यालय | प्रजिअ शँकरहरि आचार्य<br>विपद् फोकल पर्सन : आनन्द कुमार ठाकुर | )#!–%@#&^@ (*%@*%&&&& Sankarhariachrya@gmail.com | स्थानीयतहमा कार्यरत महिला बालबालिका तथा सामाजिक बिकास शाखा |
| ५. आपतकालीन शिक्षा | जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाई<br>स्थानिय तहका शिक्षा शाखा | प्रमुख : फणिन्द्र खत्री | ०३१-५२००९८ ९८५२८२०५०२ deosaptary@gmail.com | युनिसेफ, नेपाल रेडक्रस सोसाईटी, कोशी पिडित समाज, शिक्षक संघ,,सेभ द सप्तरी, NGO Federation, PABSON, N-PABSON |

| | | | | |
|---|---|---|---|---|
| **६. खानेपानी स्वच्छता तथा सरसफाइ** | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | अजय कर्ण<br>डिईः राम कुमार श्रेष्ठ | ०३१-५२१२५४<br>९८४२०२५४८७<br>०३१-५२१२५४<br>nwscrajabirajsakha@gmail.com | खानेपानी तथा सरसफाई डिभिजन,जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल , Save the Saptari SCDC, ufpk#lnsf÷gu/kflnsf नेपाल रेडक्रस सोसाईटी |
| **७. आपतकालीन स्वास्थ्य** | स्वास्थ्य कार्यालय | कार्यालय प्रमुख:<br>दुनियालाल यादव | ०३१-५२१६०६<br>Dpho.saptari@yahoo.com | खानेपानी तथा सरसफाई डिभिजन, जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल, Save the Saptari SCDC, ufpk#lnsf÷gu/kflnsf नेपाल रेडक्रस सोसाईटी |
| **८.पुनःनिर्माण पुनःस्थापना** | जिल्ला संमन्वय समिति, स्थानीय तह सबै | स्थानीय समन्वय अधिकारी | | स.श.बि.भ.नि.आयोजना. र श.बि.भ.नि.डि.का., जिल्ला प्राविधिक कार्यालय, नेपाल रेडक्रस सोसाईटी,कोशी पिडित समाज Save the Saptari गाउँपालिका÷नगरपालिका, सवल नेपाल |
| **९.आपतकालीन संचार** | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपतकालीनकार्यसंचालन केन्द्र | प्रजिअ शँकरहरि आचार्य<br>विपद् फोकल पर्सन : आनन्द कुमार ठाकुर<br>विनायक पौडेल | )#!-%@#&^@<br>(*%@*%&&&&<br>Sankarhariachrya@gmail.com<br>९८४१०२८१६९ | सुरक्ष निकायहरु गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, टी.भि रेडक्रस सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |

## ६.२.१ क्षेत्र (Cluster) : खोज तथा उद्धार, समन्वय

**नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय**

**सह नेतृत्व गर्ने निकाय : सुरक्षा निकायहरु**

### ६.२.१.१. विपद् सम्बन्धी परिस्थिति : सम्भावित मानवीय तथा भौतिक असर

- सार्वजनिक पुर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) आंशिक तथा पूर्ण रुपमा क्षति ।
- आवास तथा व्यक्तिगत सम्पत्ति आंशिक तथा पूर्ण रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा, अपाङ्गता भएका ब्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्रजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि प्रभावितहरुको चाप बढ्ने ।
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी समस्याहरु आउन सक्ने ।
- विस्थापित परिवारहरुलाई अस्थायी आवास सम्बन्धी सहयोग आवश्यक हुने ।

**समष्टिगत उद्देश्य :**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक–खोजी तथा उद्धारसम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी गर्न ।
- तीन वटा क (कसले, के, कहिले) ढाँचाको विकास र जिल्ला बिपद् ब्यवस्थापन समितिमा सूचनाको व्यवस्थापन र प्रतिकार्य प्रणालीलाई सहज बनाउनका लागि कार्यक्रमको निर्धारण गर्न ।

**मानवीय सहयोगका मापदण्ड स्फेयर मापदण्ड**

- विपद्को लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सबै सुविधाबाट एकदमै वञ्चित समुह÷जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको वितरण तथा सहयोगसम्बन्धी गतिविधिको अनुगमन ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेश गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फारम सहितको) संयन्त्र ।
- २४ घण्टाभित्र प्रस बिज्ञप्ति जारी गर्ने सुचना प्रकासन प्रसारण गर्ने सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।

| क स | जगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधनस्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक ;[] | सामाग्री श्रोत | मानवीय श्रोत दक्ष | | |
| 1. | जिल्ला प्रशासन कार्यालय | आबस्यकता अनुसार | उद्धार सामाग्रीहरु | १४ जना | प्रजिअ शँकरहरि आर्चाय<br>प्र.अ.आन्नद कुमार ठाकुर<br>फोकल पर्सन | )#!–%@#&^@ (*%@*%&&&&<br>Sankarhariachrya@gmail.com |
| 2. | नेपाल प्रहरी | छैन | उद्धार सामग्री र संचार साधन | १२५ जना प्रहरी चौकी | प्रउ. राजेन्द्र प्रशाद धमला | ९८५२८५५५५५ |
| 3. | नेपाली सेना | छैन | उद्धार सामग्री र संचार साधन | १८० जना | प्रसे. निरज भण्डारी | ९८५१०९७८६८ |
| 4. | शस्त्र प्रहरी वल नं. ६ गण | छैन | उद्धार सामग्री र संचार साधन | १२० जना जनशक्ति | सप्रउ राजु श्रेष्ठ | ९८५११२५२९१ |
| 5. | राष्ट्रिय अनुसन्धान | छैन | सूचना समन्वय | सूचना संकलन | उप अनुसन्धान निर्देशक<br>तिलक प्रसद प्रसाई | ९८५२०३०८६० |
| 6. | सडक डिभिजन कार्यालय | छैन | डोजर<br>लोडर | केही प्राबिधिक | सडक डिभिजन कार्यालय | ०३१ ५२०२०० |
| 7. | राजविराज नगरपालिका,हनुमाननगर सम्भुनाथ नगरपालिका | छ | दमकल ३ | अग्नी नियन्त्रक | नगरकार्यपालिका प्रमुख | सम्पर्क बिवरण अनुसुची मा राखिएको छ |
| 8. | यातायात समितिहरु | छैन | यातायातका साधनहरु | ढुवानी | समितिका प्रमुखहरु | |
| 9. | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | छैन | सञ्चार उपकरण, समन्वय | ४ जना | बिनायक पौडेल<br>सूचना ब्यवस्थापन अधिकृत | )#! %@#&^@ (*$!)@*!^(<br>deoc.saptari@gmail.com<br>binayakpoudel3@gmail.com |
| 10. | नेपाल रेडक्रस सोसाइटी | छैन | एम्बुलेन्स | त्रिपाल २००<br>टेन्ट २ वटा २४० जना तालिम | जोगेन्द्र भगत<br>प्रशान्त थापा<br>९८४९४६०३९ | ९८५२८२०१२१<br>०३१-५२११२१<br>Saptariredcross@gmail.com |

## ६.२.१.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| पुर्व-तयारीसम्बन्धी गतिविधि (के) ? | जिम्मेवार निकाय (को?) | कहिले ?(समय अवधि) |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था :**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बिचमा सम्भावित विपद्घाट बच्नका लागि गर्न सकिने सम्झौतामा समझदारी गर्ने ।<br>क. समन्वय बैठक -आपत्कालीन परिस्थितिभन्दा पहिले) आपत्काल अवधिमा जिल्ला प्रशासनले आपत्काल पछि<br>ख. पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभित्र निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | DDMC को समन्वयमा क्लष्टर तथा सदस्यहरु?<br>क.जिल्ला प्रशासन, डिडिएमसी<br>ख. डिडिएमसी | आगलागी भए फाल्गुनमा, बाढी भए जेठ र भुकम्पका लागी जुनसुकै बेला पनि<br>क. बिपद्को जुनसुकै समयमा<br>ख.फाल्गुण महिनामा जिम्मेवारी वाडफाँडको गर्ने[ |
| सिकिएका पाठ :<br>प्रत्येक स्थानीय तहले विपदमा सहयोग गर्नसक्ने सहयोगी निकायको पहिचान विपद् अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको विपद् लेखाजोखा मार्गदर्शन २०७२ को आधारमा तथ्यांक संकलन गर्नुपर्ने ।<br>राहत सहयोग वितरण गर्दा एकद्वार प्रणाली मार्फत वितरण गर्नु उपयुक्त हुने र सबै सूचनाहरु जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउनुपर्ने<br>कृतिम घटना अभ्यास गर्न | DDMC<br>स्थानीय तह डिडिएमसी<br>डिडिएमसी÷सहयोगी सस्था | समीक्षा बैठक अवधीमा<br>चैत मसान्तसम्म<br>जेठ मसान्तसम्म<br>असार<br>जेठ |
| क. विपदमा प्रयोग हुने औजार तथा खाद्य सामाग्रीको अध्यावधिक गर्ने<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामावली तयार गर्ने ।<br>ग. सबै स्थानीय तहमा कुन बिपद् कहा कहाँ जान सक्छ ?<br>आधाररेखा सम्बन्धी जानकारी, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. जानकारी सङ्कलन सम्बन्धी औजार प्रयोग गर्ने बारेमा प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | DDMC<br>सबै स्थानीय तह | बैशाख मसान्तसम्म |
| विपद् पर्नसक्ने स्थानीय तहसँग सम्बन्धित क्षेत्रगत जानकारी÷तथ्याङ्क | DDMC | चैत्रसम्म |
| उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>• सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्युनतम मौज्दात<br>• विभित्र निकायहरूसँग उपलब्ध मौज्दात संकलन गर्ने<br>• अपुग सामग्री (GAP )को पहिचान गर्ने | DDMC,<br>स्थानीय तह,<br>सहयोगी सस्था | जेठ मसान्तसम्म<br>आषाढको पहिलो हप्ता |

**नोट :** प्रभावकारी खोज तथा उद्धारका लागि पूर्व तयारीमा निम्न कुरामा बिशेष ध्यान पुऱ्याउनु पर्छ । सूचना प्रणाली अन्तर्गत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी समन्वय गर्ने । समयमै सुरक्षा निकायहरुलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोज तथा उद्धार कार्यमा तयारी गर्ने ।प्राप्त सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरु प्रयोगमा ल्याउने । बिपद् पर्नु अगावै बर्षा र नदीको अवस्थालाई ध्यानमा राखी खोज तथा उद्धार कार्यमा तयारी गर्ने । सप्तरी जिल्लामा पूर्व सूचना प्रणालीको बिस्तार र संस्थागत गर्नका लागि जिल्लास्थित जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीयतहहरु, सुरक्षा निकायहरु, संचार माध्यमहरु जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, पत्रकार महासंघ एवं विभिन्न सरकारी, गैरसरकारी निकायहरुको अहम भूमिका रहन्छ । जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरुको समन्वयमा जिल्लास्थित खोज उद्धारका जनशक्तिहरुको पहिचान गर्ने । जिल्ला cfktsfn\g कार्यसञ्चालन केन्द्रसंगको नियमित समन्वय र सम्पर्क, मुख्य सञ्चारका ठाउँहरु र सम्पर्क ठेगानाहरुको पहिचान गर्ने । नदी र बर्षाको स्तर अवलोकनका लागि अवलोकन क्षेत्रहरुको पहिचान र आवश्यक्तानुसार बर्षा र नदी अवलोकन केन्द्रहरुको स्थापना गर्ने । पूर्व सूचना प्रणाली स्थापनाका लागि विभिन्न आवश्यक स्थानहरुमा सञ्चार एवम् अन्य सामग्रीहरुको ब्यवस्था गर्ने ।

## ६.२.१.४ खोज तथा उद्धारक्षेत्रको प्रतिकार्य योजनाः आपत्कालीन परिस्थिति को अवधिमा

| सहयोग गतिविधि (के?) कस्ले ? | जिम्मेवार निकाय | सहयोग गतिविधि (के? कहिलेसम्म ?) |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क. जिल्ला cfktsfn\g कार्यसंचालन केन्द्रलाई सकृय पार्ने ।<br>जिल्ला बिपद् व्यवस्थापन समितिको तत्काल बैठक बस्ने ।<br>ख.जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य विपद् (भुकम्प वा बाढी वा अन्य शुरू भएपछि सम्बन्धित क्षेत्र (Cluster) का सबै सदस्यहरूसँग समन्वय बैठक बसी क्षेत्रगत निकायहरुलाई सक्रिय बनाउने<br>ग प्रारम्भिक द्रुत लेखाजोखा टोली परिचालन गर्ने | क.जिल्ला प्रशासन कार्यालय<br>ख.जिल्ला प्रशासन<br>ग. स्थानीय तह, नेरेसो र नेपाल प्रहरी | २४ घण्टा भित्र |
| घ. परिस्थिति सम्बन्धी पहिलो प्रतिवेदन तयार पार्नेः | घ.नेपाल DDMC | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| ङ.प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने ।<br>• प्रभावित स्थान, स्थानीय तह÷क्षेत्रसँग सम्बन्धित उपलब्ध तथ्याङ्क÷जानकारीको समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार सेवा÷क्षमता÷उद्धार सामग्रीको समीक्षा गर्ने | ङ.स्थानीय तह<br>जिल्ला प्रशासन, नेपाल रेडक्रस सोसाइटी | २४ घण्टाभित्र |
| च. प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>• तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताको क्रम निर्धारण गर्ने ।<br>• विपद्पछि लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने ।<br>• सुरक्षाकर्मीहरूद्वारा सहयोगमा संलग्न व्यक्तिहहरूको सुरक्षा ।<br>• घाइतेहरुलाई प्राथमिक उपचार प्रदान । | च.DDMC<br>• DDMC<br>• नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह<br>• नेरेसोको प्राथमिक उपचार टोली | पहिलो र दोश्रो दिन |

| | | |
|---|---|---|
| घाईतेहरुको ओसारपसारका लागी एम्बुलेन्स सेवा परिचालन | स्वास्थ्य कार्यालय | २४ घण्टा भित्र |
| तत्काल बिपद प्रतिकार्य तालीकालाई अनुसरण गरी कार्यान्वयन गर्ने | DDMC | पहिलो दिन |
| च. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना निर्माण÷समीक्षा गर्ने<br>• मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने । | DDMC | दोश्रो दिनबाट निरन्तर |
| जोखिममा रहेका बस्तीहरुलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | स्थानीय तह / DDMC | |
| **सहयोगसम्बन्धी गतिविधि अन्तरिम अवधिका लागि (३०-९० दिन)** | | |
| **क्षेत्रगत** (Cluster) **समन्वय बैठक**<br>क. DDMC बेठक, बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | DDMC | हप्तामा एकपल्ट |
| परिस्थितिसम्बन्धी प्रतिवेदनलाई अद्यावधिक पार्ने । | DDMC | हप्तामा एकपल्ट |
| मानवीय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने । | DDMC | पहिलो हप्ता |
| मानवीय सहयोगका बारेमा अनुगमन | DDMC | हप्तामा एकपल्ट |

## ६.२.१.५ आवश्यक श्रोत तथा सामग्रीको बिवरण

| क्र.सं. | थप आवश्यक सामग्री | परिमाण | क्र.स. | थप आवश्यक सामाग्री | परिमाण | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|
| ! | त्रिपाल | २५० थान | @# | रबर मेट्रेस | ५०० थान | |
| @ | जस्ता पाता | १२ फि. ६० बण्डल | @$ | कम्मल | ५०० थान | |
| # | तारजाली | १००० थान | @% | क्याराबिना | २०० थान | |
| $ | सिमेन्ट बोरा | १०,००० ” | @^ | सेफ्टी रोप | ३००० मी. | |
| % | लाईफ ज्याकेट | १५० थान | @& | थ्रो व्याग | ५० वटा | |
| ^ | रेस्क्यु हेम्बर | २० थान | @* | मेघा फोन | ५० वटा | |
| & | डोरी | ५ क्वीन्टल | @( | ईमरजेन्सी लाईट | ३० वटा | |
| * | ट्युब | ५० वटा | #) | रवरबोट मझौला | ३ वटा | |
| ( | बेल्चा | १५० वटा | #! | क्रेन चेन | २ वटा | |
| !) | गैटी | १५० वटा | #@ | काठ कटर | १५ वटा | |
| !! | सब्बल | १५ वटा | ## | रेनकोट | ५ सय थान | |
| !@ | सेफ्टी हेल्मेट | १५० वटा | #$ | सेफटी हुक | ४५ वटा | |
| !# | पानीबुट | १५० जोर | #% | फरुवा | १०० वटा | |
| !$ | स्टेचर | ७० वटा | #^ | हसिया | १०० वटा | |
| !% | प्रा.उपचार बक्स | ४० बाकस | #& | बञ्चरो | १०० वटा | |
| !^ | हेड लाईट | ५० वटा | #* | टिप्पर टेक्टर | २ वटा | |
| !& | आईरन पिकेट | १५० वटा | #( | घुम्ती शौचालय | १५ वटा | |
| !* | रेस्क्यु ग्लोब | १५० जोर | $) | सेफ्टी बेल्ट | ६० वटा | |
| !( | ढलान काट्ने मेसीन | ९ वटा | $! | क्लाइम्बि¨ रोप | ३० वटा | |
| @) | फायर स्टिङ्गगुईसर | ३० वटा | $@ | टेन्ट (घर | १०० थान | |
| @! | फलाम तथा प्लाष्टिक बाल्टीन | १५० वटा | $# | सुरक्षा कवज आगलागी | १५ थान | |
| @@ | मोटरबोट | २ वटा | $$ | अपांगता भएका व्यक्तिहरुका लागि तत्काल उद्धार सामाग्री | ह्वील चियर्स १५ थान, सेतो छडी २० थान, बैसाखी १०० सेट आदि | |

नोट : माथिको तालिकामा खोज तथा उद्धारमा प्रयोग हुने सामग्रीको बर्तमान मौज्दात अवस्था गतवर्षको जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा खोजी तथा उद्धार क्षेत्र अगुवा तथा सदस्यहरुको बैठकले अलि ठूलो स्केलमा विपद् आइपर्दा थप उद्धार सामग्रीहरु आवश्यक पर्ने आँकलन गरे अनुसार स्थानीय तहहरुले पनि सोका लागी तयारी गर्नुपर्ने आबश्यकता रहेको छ । सो सूचीमा थप आवश्यक भनी उल्लेख गरिएका सामग्रीहरु गै.स.स.महासंघ, सबल नेपाल सप्तरी ,के.भि.यस सप्तरी ,नेपाल रेडक्रस सोसाइटी, जिल्ला समन्वय समिति, स्थानीयतहहरु र सहयोगी गैसस तथा अन्तर्राष्ट्रिय गैससहरु जो सुकैले पनि सहयोग गर्न सकिने छ तथा सोका लागी जिल्ला बिपद् ब्यवस्थापन समितिले निर्णय गरिसकेको छ ।

## ६.२.२ बिषयगत क्षेत्र : आपतकालीन संचार

### ६.२.२.१ यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : जिल्ला प्रशासन कार्यालय / जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र

| बिषयगत क्षेत्रहरु | अगुवा निकाय | सदस्यहरु |
|---|---|---|
| आपतकालीन संचार | जिल्ला प्रशासन कार्यलय<br><br>जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र | • जिल्ला प्रशासन कार्यालय<br>• नेपाली सेना<br>• नेपाल प्रहरी<br>• सशस्त्र प्रहरी वल<br>• सम्पुर्ण सरकारी कार्यालय प्रमुखहरु<br>• स्थानीय तह सबै<br>• जिल्ला संमन्वय समिति<br>• नेपाल टेलिकम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• के भी एस सप्तरी<br>• सूचना एफ.एम., पत्रपत्रिका<br>• राजनैतिक दलका प्रतिनिधि<br>• नेपाल पत्रकार महासंघ<br>• सम्पुर्ण नगरपालिका प्रमुख<br>• सम्पुर्ण गाउँपालिका प्रमुख<br>• प्रिन्ट तथा ईलेक्ट्रोनिक मिडिया<br>• अन्य सहयोगी संस्थाहरु<br>• गाउँ टोलका अगुवाहरु |

## पूर्वतयारी कार्य :

## सूचना व्यवस्थापन क्षेत्रले आपतकालीन समयमा गर्ने उल्लेखित कार्यका लागि निम्नअनुसार पूर्वतयारी गनु पर्नेछ

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने<br>सङ्कटासन्न स्थानीय तह हरूको बाढी पूर्वको समग्र अवस्था<br>प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |
| २ | जोखिमयूक्त स्थानीय तहहरूमा पूर्व चेतावनी **Early Warning** का लागि माइक, साइरन तथा साइकल १ थानका दरले उपलब्ध गराउने वा अघिल्लो वर्षको व्यवस्थालाई अध्यावधिक गर्ने<br>पुर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |
| ३ | जनचेतना अभिवृद्धिका गतिविधि सञ्चालन गर्ने<br>विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोस्टर,<br>पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न स्थानीय तहहरूमा वितरण गर्ने ।<br>एफ.एम. रेडियो तथा पत्र पत्रिकामार्फत विपद्सम्बन्धी ज्ञान तथा जानकारी प्रचार प्रसार गराउने | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |
| ४ | मसलन्द सामान तयारी अवस्थामा राख्ने<br>सबै सरोकारवालाहरुको नाम ठेगाना र सम्पर्क नम्बर सहितको डाइरेक्टरी तयार गरि सम्भावित प्रकोप हुन सक्ने सबै क्षेत्रमा वितरण गर्ने | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |
| ५ | बाढी र यसबाट बच्ने उपाय बारे जनचेतनाको लागि सुचना प्रवाह गर्ने<br>समय समयमा कृतिम तयारी अभ्यास | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |
| ६ | पुर्व सूचना प्रणाली को कार्यविधि तयार गरि कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख, स्थानीय तह वा तोकिएको सदस्य | सबै स्थानीय तह र विशेषगरी सङ्कटासन्न पालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने |

## ६.२.३ क्षेत्र (Cluster) : खाद्य तथा कृषि

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : कृषि ज्ञान केन्द्र, स्थानीय तह**

**सह नेतृत्व गर्ने निकाय (Cluster Co-Leads) : बिश्व खाद्य कार्यक्रम**

### ६.२.३.१ विपद् सम्बन्धी परिस्थिति विपद्को सम्भावित मानवीय असर

प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्नप्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्नसम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने ।

- कृषि बालिमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालिनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति **(Coping strategy)** मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा ।

**समष्टिगत उद्देश्य :**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवनरक्षासम्बन्धी रणनीतिहरू **(Survival strategies)** का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ **(Recovery)** तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गर्न्ने ।

**मानवीय सहयोगको मापदण्ड : स्फेयर मापदण्ड**

- **प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ** :

१ प्रतिव्यक्ति प्रतिदिन न्युनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन ।

२ प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पुरक रासनको रूपमा उपलब्ध गराउने ।

३ निश्चित समूहका व्यक्तिहरूका जस्तै: साना केटाकेटी, गर्भवती महिला,एच्आईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यन्नको व्यवस्था ।

- **मापदण्ड बमोजिमको खाद्यान्न प्याकेज सिफारिस गरीएको छ**

**चामल प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम,**

**दाल प्रतिदिन प्रतिव्यक्ति ८० ग्राम**

**वनस्पति तेल -प्रतिदिन प्रतिव्यक्ति ३० ग्राम,**

**नुन प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम**

स्थानीयतहले प्रभावित क्षेत्र र परिस्थितिबमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनुपर्दछ तर पनि शुरुमा घरायसीस्तरमा गरिने वितरण र बिस्तृत लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ ।

## ६.२.३.२ स्थानीय तहमा रहेका क्षेत्रगत निकायहरुका सम्पर्क ब्यक्तिहरु (Cluster Members) को सूची

### बिषय क्षेत्रगत निकायको श्रोत साधन र सम्वन्धित सदस्यहरुको बिवरण

| क्र स | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन श्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामाग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| १ | कृषि ज्ञान केन्द्र | केही | बिउ बिजन | ४ जना | राजेन्द्र प्रसाद यादव | 031-520050, 9852820765 |
| २ | NRCS | केही | आयआर्जन | प्रमुख | जोगेन्द्र भगत | 031521121 |
| ३ | गै.स.स.महासंघ नेपाल | केही | खाद्यान्न संकलन तथा पुनस्थापनमा सहयोग | स्वयंसेवक | शम्भुनन्द चौधरी | 9852892665 |
| ४ | Agi.ECO | केही | खाद्यान्न | स्वयंसेवक | किसुनदेव राउत | 9823406303<br>9841288924 |
| ५ | DLSO | छैन | ऋण सहुलियत | स्थानीय समूह | सुर्यनारायण शर्मा | 9849361770 |
| ६ | WFP | छैन | खाद्य भण्डारण | कार्यालय प्रमुख | कृष्ण माझी | 9842023799 |
| ७ | MCDC | छैन | खाद्यान्न संकलन र वितरणमा सहजीकरण | उ.वा.स सदस्यहरु | प्रभु नारायण चौधरी | 031523055, 9804783977 |
| ८ | KVS | छैन | खाद्यान्न संकलन र वितरणमा सहजीकरण | ३ जना | देव नारायण यादव | ९८५२८२०६१२ |
| ९ | उद्योग वाणिज्य संघ सप्तरी | केही | खाद्यान्न | स्वयंसेवक | अरुण प्रधान | )#!%@!!^^, (*$@*@@##$ |
| १० | जिल्लामा क्रियाशिल कृषि सहकारी संस्थाहरु स्थानिय तहले सहकारीसँगको समन्वयमा क्षमता, श्रोत साधनको बिवरण राख्नु पर्ने । | | | | | |

## ६.२.३.३ cfktsfnlg परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| पूर्व–तयारीसम्बन्धी गतिविधि के कहिले | जिम्मेवार निकाय(को) | समय अवधि कहिले |
|---|---|---|
| विपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारी अवस्थामा राख्ने । | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | असारको पहिलो हप्ता |
| आवश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| स्थानीय तहस्थित बिपद् प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| प्रभावितको माग संकलनका लागि छलफल | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | कार्तिक |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका प्रस्तुत गर्ने | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | बैशाख |
| विभिन्न तरकारी तथा खाद्यान्न बालिका किटहरु वितरण गर्ने | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | असोज कार्तिक |
| साना सिंचाई योजनाहरु सहयोग गर्ने | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | जेठ असार |
| क्षमता अभिबृदि तथा भण्डारण तालिम | कृषि ज्ञान केन्द्र<br>स्थानीय तहको कृषि विकास शाखा | जेठ |

## ६.२.३.४ कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजनाःआपत्कालीन परिस्थितिको अवधिमा

| सहयोग गतिविधि के | जिम्मेवार निकाय कस्ले | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| • तत्काल क्लष्टर सूचना संकलन तथा सहयोग डेस्क स्थापना ।<br>• सदस्यहरुकाबीच समन्वय बैठक गर्ने ।<br>• क्षतिको सूचना संकलन गर्ने । | कृषि ज्ञान केन्द्र,<br>स्थानीय तहको कृषि विकास शाखा | पहिलो दिन |
| • तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने ।<br>• पशुधनको सुरक्षा तथा मृत पशुहरुको उचित व्यवस्थापन गर्न जि.प.सेवा कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने<br>• सहयोगको खाद्य सामाग्री संकलन र बितरणको जिम्मेबारी बाँडफाड गर्ने । | स्थानीय तहको कृषि विकास शाखा<br>स्थानीय उबासंघहरु | दोस्रो दिन |
| • पीडितहरुको लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने) ।<br>• खाद्य सामाग्री वितरण ।<br>• एकद्वार पद्धतिको विकास गर्ने ।<br>• खाद्य गोदामलाई सुरक्षित र पायक पर्ने ईलाकामा राख्ने ।<br>• गोदाम सुरक्षाको प्रबन्ध गर्ने । | स्थानीय तह, डिडिएमसी,<br>स्थानीय सहयोगी सस्था ,रेडक्रस सोसाइटीका उपशाखाहरु,<br>स्थानीय उबासंघहरु | पहिलो हप्ता |
| • स्थलगत छलफल तथा अवस्थाको समिक्षा<br>• छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि विउविजन र पशु वा पंक्षी वितरण गर्ने । | स्थानीय तहको कृषि तथा पशु विकास शाखा | पहिलो महिना |
| **सहयोगसम्बन्धी गतिविधि-तत्कालका लागि (३०-९० दिनसम्म)** | | |
| • जिविकोपार्जनमुखी क्रियाकलाप संचालन ।<br>• राहतको विउ वितरण, तालिम ।<br>• पुनः अघिल्लो महिनाका कृयाकलापको अनुगमनलाई निरन्तरता । | स्थानीयतहको कृषि तथा पशु विकास शाखा | दोस्रो र तेस्रो महिना |
| • सम्बन्धित समुदायस“ग छलफल गरी कार्यक्रम तय गर्ने ।<br>• आपत्कालीन कोष स्थापनाको लागि स्थानीय तहसंग अनुरोध गरी पहल गर्ने । | स्थानीय तहको कृषि तथा पशु विकास शाखा | सो भन्दा बढी |

## ६.२.४ क्षेत्र (Cluster) आपतकालीन आवाश तथा गैरखाद्य

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : सघन शहरी बिकास तथा भवन निर्माण आयोजना÷शहरी बिकास तथा भबन डिभिजन कार्यालय**

सह नेतृत्व गर्ने निकाय (Cluster Co-Lead) नेपाल रेडक्रस सोसाईटी सप्तरी जिल्ला शाखा

### ६.२.४.१ विपद् सम्बन्धी परिस्थिति : विपद्को सम्भावित मानवीय असर

- बिपद्का बेला आश्रित तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीवनमा कष्टपूर्ण रहेको हुन्छ र प्रभावितहरु खुल्ला आकाशमुनि बस्नु परेको अबस्था श्रृजना हुन्छ ।
- बाँच्नकै लागि आवश्यक पर्ने न्युनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई प्रभावित परिवारहरुले ज्यादै कठिनाई भोग्नु परिरहेको हुन्छ ।

**समष्टिगत उद्देश्य**

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परीवारहरूको पहुँच सुनिश्चित गरी यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा आपैं व्यवस्थापनलाई समावेश गर्ने ।
- विपद्का कारणले घरवारविहीन बनेका मानिसहहरूका निमित्त तत्काल अस्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तरमा सुधार ल्याउने ।
- बिपद् प्रभावितहरुको जिवन रक्षाका लागि यथाशिघ्र गैरखाद्य सामाग्रीहरु उपलब्ध गराउने ।

**विशिष्ट उद्देश्य :**

- प्रतिकूल मौषमका असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावित मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुने ।
- संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगाको व्यवस्थापन हुनेछ ।
- घरायसी भाँडा–कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानवीय सहयोगसम्बन्धी मापदण्ड स्फेयर मापदण्ड**

- औसतमा एक व्यक्तिका लागि ३.५ X ४ .५ वर्ग मिटरको छानो भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४X५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।

- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइसम्बन्धी सामग्रीको आपूर्ति भएको ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्रीहरु एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ, जुन जमिन सुरक्षित तथा स्फेयर मापदण्ड अनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै स्थानिय तह तथा सम्वन्धित निकायहरुसँग समझदारी पत्र **(MoU)** मा दस्तखत भएको हुनुपर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

६.२.४.२ नेतृत्व गर्ने निकाय : सघन शहरी बिकास तथा भवन निर्माण आयोजना÷शहरी विकास तथा भवन डिभिजन तथा नेपाल रेडक्रस सोसाइटी

क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोत आँकलन :

## क्षेत्रगत सदस्यहरु (Cluster Members)को सूची, क्षमता तथा श्रोत आँकलन :

| क्रसं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम बा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | शहरी विकास तथा भवन डिभिजन कार्यालय | दक्ष प्राबिधिक जनशक्ति | कृष्णदेव झा | dudbcsaptari@yahoo.com )#!%@)^@), (*%@*@&%@% |
| २ | नेपाल रेडक्रस सोसाईटी | गैरखाद्य सामाग्री १०० सेट ५ लाख रुपैयाँको आकस्मिक कोष,उद्धार, जनशक्ती, प्राथमिक उपचार | सभापती : जोगेन्द्र भगत<br>ब्रमदेव यादव | saptariredcross@gmail.com<br>9852820121<br>9842821734 |
| ३ | गै.स.स.महासंघ नेपाल | खाद्यान्न संकलन तथा पुनस्थापनमा सहयोग | शम्भुनन्द चौधरी | 9852892665 |
| ४ | DCA | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | दिनेश गुरुङ्ग | digu@dca.dk<br>9851094008 |
| ५ | LWR | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | राकेश साह | rshah@lwr.org<br>९८५१२१६५१९ |
| ७ | OXFAM | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | विजय राज पन्थ | vrpant@oxfam.org.uk<br>९८५११४७९५२ |
| ८ | Save the Children | स्वयंसेवक तथा अन्य सहयोग | अरुण कुमार महतो | arun.mahato@savethechildren.org<br>9852833901 |
| ९ | कोशी पीडित समाज (KVS) | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने त्रिपाल ५० थान | देवनारायन यादव | koshivsociety@gmail.com<br>9852820612 |
| १० | Save the Saptari | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | ध्रुव देव | Savethesaptari14@gmail.com<br>9842820335 |
| ११ | Sabal Nepal | अस्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | दिपक झा | Sabalnepal2062@gmail.com<br>9852820914 |
| १२ | SCDC, Nepal | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | शम्भू नन्द चौधरी | scdc.np@gmail.com<br>9852820651 |

| | | | | |
|---|---|---|---|---|
| १३ | UNICEF | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | अशोक कुमार झा | akjha@unicef.org 9855011841 |
| १४ | wldx{Nkmf dlxnf ljsf; Sna | स्थायी आवासका लागी अन्तर निकाय समन्वय र सहयोग गर्ने | सूर्य नारायण यादव | 9804385001 |

## ६.२.४.३ cfktsfnLg परिस्थितिको पूर्वतयारी गतिविधि : cfktsfnLg परिस्थितिभन्दा पहिले

| क्र.स. | पूर्व–तयारीसम्बन्धी गतिविधि ( के) | जिम्मेवार निकायम (को) | कहिले समय अवधि ( कहिले ) |
|---|---|---|---|
| ! | क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. सहयोगी सस्था | चैत्र, बैषाख |
| @ | क्लस्टर अन्तर्गतका संघ-संस्थाहरुमाझ राहत सहयोगका लागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन |
| # | विपद्को अवस्थामा गरिने आपत्कालीन आश्रय, बसोवास तथा गैर-खाद्य सामाग्री क्षेत्रमा गरिने सहयोग तयारी अवस्थामा राख्ने । | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. सहयोगी सस्था र अन्य निकायको सहयोग लिएर | जहिलेसुकै |
| $ | स्रोत संकलन तथा संघ,संस्थाबाट हुने सहयोग आर्थिक तथा अन्य योजना तयारी अवस्थामा राख्ने । | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. सहयोगी सस्था | जेठसम्म |
| % | आवाश क्षेत्रको आकस्मिक प्रतिकार्य तयारी योजना अध्यावधिक गर्ने | सघन श.बि. भवन निर्माण आयोजना,श.बि.भ.डि.का. र सहयोगी सस्था | जेठसम्म |

## ६.२.४.४ cfktsfnLg आश्रय, आवास तथा गैरखाद्य क्षेत्रको प्रतिकार्य योजना cfktsfnLg परिस्थितिको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कस्ले) | (कहिले सम्म) |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि तत्कालका लागि ०-९० दिनसम्म** | | |
| विपद् प्रवाहको सूचना स्थानीय स्वयंसेवकवाट संकलन गर्ने | डिडिएमसी,नेरेसोका ईकाइहरु, स्थानिय तह, नेपाल प्रहरी र सहयोगी सस्था | पहिलो दिन |
| आवास क्षेत्रको आकस्मिक वैठकको आयोजना | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | पहिलो दिन |
| विपद् प्रतिकार्य समूहलाई संचार गर्ने | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | दोस्रो दिन |
| द्रुत लेखा जोखाबाट आएका सुचनाहरुलाई बिष्लेषण गरी आवास क्षेत्रको आकस्मिक प्रतिकार्य योजना सक्रिय बनाउने | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | दोस्रो दिन |
| द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना संकलन | नेपाल रेडक्रस सोसाइटी र सहयोगी सस्था | पहिलो हप्ता |
| प्रभावित स्थलको सूचना विश्लेषण गरी सहायता परिचालन गर्ने | डिडिएमसी | पहिलो हप्ता |
| विपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा भाँडाबर्तनको व्यवस्थापन गर्ने । | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | पहिलो हप्ता |
| अस्थायी आवास तथा गैर खाद्य सामाग्रीको आवश्यकता पहिचान गर्न सर्वेक्षण गर्ने टोली खटाउने । | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | दोस्रो हप्ता |
| कम खर्चमा बनाउन सकिने नमुना घर निर्माण | | |
| गैरखाद्य सामग्री वितरण कार्य निरन्तरता | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | पहिलो महिना |
| गैरखाद्य सामाग्री वितरण तथा प्रयोगको सुनिश्चितताको लागि अनुगमन | डिडिएमसी, र सहयोगी सस्था | पहिलो महिना |
| जिल्लास्थित सरोकारवाला निकायहरु एवं क्षेत्रगत सदस्यहरुको समन्वय तथा पाठ सिकाई कार्यशाला बैठकको आयोजना | डिडिएमसी र सहयोगी सस्था | दोस्रो महिना |
| सुरक्षित स्थान पहिचान भएका स्थानमा अस्थायी आवासका लागी प्राबिधिक अध्यायन र शिबिर ब्यवस्थापन | सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. र सहयोगी सस्था | तेस्रो हप्ता |
| शिबिर ब्यवस्थापनका लागी अन्तर निकायगत क्षेत्रको समन्वय | बिषय क्षेत्रगत अगुवा निकाय | पहिलो हप्ता देखी निरन्तर |
| आवास बिषयगत क्षेत्रको आकस्मिक बिपद् प्रतिकार्य योजना २०७५ निर्माण भईसकेको हुनाले सोही अनुसार प्रतिकार्यका गतिबिधिहरु संचालन गर्ने | नेरेसो, सघन श.बि. भवन निर्माण आयोजना श.बि.भ.डि.का. | निरन्तर |

## ६.२.५ क्षेत्र (Cluster) (Protection) cfktsfnLg संरक्षण

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : जिल्ला प्रशासन कार्यालय**

**सहनेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) स्थानीय तहका महिला बालबालिका तथा सामाजिक बिकास शाखाहरु**

## ६.२.५.१ विपद् सम्बन्धी परिस्थिति : प्रकोपबाट सम्भावित मानवीय असर बाल संरक्षण तथा लैङ्गिक हिंसा :

- जनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- मानिसहरुको आन्तरिक विस्थापन ।
- घाइते बालबालिका ।
- बढ्दो दुरुपयोग र शोषण, भेदभाव ।
- विछोडिएका तथा एकल बाल–बालिका ।
- सम्भावित मानसिक आघात **(psychosocial trauma)** तथा मनोवैज्ञानिक विपत्ति ।
- लैङ्गिकतामा आधारित हिंसा **(Gender–based violence - GBV)** को बढ्दो जोखिम ।
- सामना गर्ने संयन्त्र **(coping mechanism)** मा अवरोध ।
- मानव बेचविखनको जोखिम ।
- प्रभावित व्यक्तिहरुमा यौन शोषणको जोखिम् ।
- अपाङ्ग बृद्ध तथा एकल महिलाहरुको सुरक्षा तथा संरक्षणमा कमि ।
- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- केही समुदाय अथवा समूहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

महिला तथा बालबालिकालगायत जोखिम्मा रहेका समुहहरूले cfktsfnLg परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाबाट संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य :**

- नेपालका विपद् तथा अन्य cfktsfnLg परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिम्मा रहेका समुहहरूका लागि मानव अधिकारसम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दैभएका कुरा सुनिश्चित गर्ने ।
- जोखिम्मा रहेका समुहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाका जोखिम्हरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुव्र्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।

- लैङ्गिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलीकरण, महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।
- यौन तथा लैंगिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरुको लागि महिला मैत्री स्थान (**Female Friendly Spaces**) को स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि एकद्वार प्रणली अर्थात् (**One Stop Crisis Management Center-OSCMC)** लाई प्रभावकारी गराउने ।
- बालमैत्री ठाउँ तथा मनो–सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परीवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्नेकुरा सुनिश्चित गर्ने ।
- यौन दुव्र्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दुव्र्यवहार तथा शोषणको रोकथाम गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उलङ्घन, दुव्र्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालमैत्री, महिला मैत्री ठाउँलगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षणसम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परीवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परीवारबाट बिछडिएका तथा साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिम्मा परेका समुह जस्तैः परीवार नभएका, बृद्ध, अपांग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने वास तथा अन्य सेवाको व्यवस्था ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

## ६.२.५.२ सहअगुवा निकाय : महिला तथा बालबालिका स्थानीय तहका शाखाहरु

**यस क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members)को सूची, क्षमता तथा श्रोतको आकलन :**

| क्र.सं. | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| 1. | जिल्ला प्रशासन कार्यालय | आबस्यकता अनुसार | प्रजिअ शँकरहरि आर्चाय<br>प्र.अ.आन्नद कुमार ठाकुर<br>फोकल पर्सन, )#!–%@#&^@<br>(*%@*%&&&&<br>Sankarhariachrya@gmail.com | | | |
| 2. | महिला बाल बालिका तथा सामाजिक बिकास शाखा | केही | समुदायमा रहेका ४३ महिला सहकारी स्थानिय तहमा रहेका महिला बालवालीका तथा सामाजिक बिकास शाखाहरु | | | |
| 3. | युनिसेफ | केही | बालबालिकाका लागि आवश्यक सामग्रीहरु | स्वयंसेवक | अशोक कुमार झा | akjha@unicef.org<br>9855011841 |
| 4. | जिल्ला प्रहरी महिला सेल | छैन | सुरक्षित आवास | कर्मचारीहरु | श्यामवति राजवंशि | 9815999793 |
| 5. | शिक्षा विकास तथा समन्वय इकाई<br>स्थानिय तहका शिक्षा बिकास शाखाहरु | छैन | आपत्कालीन आश्रय | शिक्षक विद्यार्थी | फरिद्र खत्री | ९८५२८२०५०२ |
| 6. | जि.स.स | छैन | राहत सामग्री | स्वयंसेवक | प्रमुख : प्रभाकर यादव | 9842820557 |
| 7. | स्वास्थ्य कार्यालय | | स्वास्थ्य सेवा | कर्मचारीहरु | कार्यालय प्रमुख दुनियालाल यादव | 9852821606 |
